# गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन

## (आर्थिक वर्ष २०७८/७९ को अर्धवार्षिक विवरणमा आधारित)




**नेपाल राष्ट्र बैंक**
**पोखरा कार्यालय**
**अनुसन्धान इकाई**
२०७९ जेठ

## प्राक्कथन

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ मा यस बैकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्राप्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर स्थिति तथा विदेशी विनिमय सञ्चिति जस्ता अर्थतन्त्रका महत्वपूर्ण विषयहरुमा नियमित रुपमा तथ्याङ्क संकलन गरी प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ । सो अनुसार यस बैंकले विगत लामो समयदेखि आर्थिक, वित्तीय र मौद्रिक क्षेत्रको तथ्याङ्क समाबेश हुने आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तर्जुमा गरी नियमित रुपमा प्रकाशन गर्दै आइरहेको छ ।

नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले तर्जुमा गर्ने गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा प्रदेशका सबै जिल्लाहरुको प्रमुख आर्थिक गतिविधि समावेश गरिएको छ । नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि अध्ययन मार्गदर्शन, २०७६ बमोजिम अध्ययन प्रतिवेदनमा मूलतः कृषि, उद्योग र सेवा क्षेत्रको स्थिति र ती क्षेत्रहरुमा देखिएका विद्यमान समस्या/चुनौती र परिदृश्यको बारेमा समेत संक्षिप्त विश्लेषण गरिएको छ । यसको अतिरिक्त प्रस्तुत प्रतिवेदनमा गण्डकी प्रदेशमा जलविद्युतको उत्पादन स्थिति र सम्भावनाको बारेमा समेत थप विवरण समावेश गरिएको छ ।

यो प्रतिवेदन गण्डकी प्रदेशका ११ जिल्लाहरुमा सम्पन्न स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त विवरणको आधारमा तर्जुमा गरिएको छ । सो अनुसार आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिना (२०७८ साउन देखि पुससम्म) को अवधिमा गण्डकी प्रदेशको आर्थिक क्रियाकलाप गत आर्थिक वर्षको सोही अवधिको तुलनामा केही बिस्तार भएको देखिएको छ । यस अवधिमा मौसम प्रतिकुलताको बावजुद कृषि उत्पादन १.९ प्रतिशतले वृद्धि भएको छ । उद्योगको क्षमता उपयोग ४२.७ प्रतिशत पुगेको छ । गत आर्थिक वर्षको पहिलो ६ महिनामा कृषि उत्पादन १.८ प्रतिशतले वृद्धि भएको थियो भने उद्योगको क्षमता उपयोग ३८.९ प्रतिशत रहेको थियो । कोरोना महामारी समस्या क्रमशः समाधान हुदै गएकोले यातायात, पर्यटन, शिक्षा, स्वास्थ्य लगायत सेवा क्षेत्रको गतिविधि समेत उल्लेख्य रुपमा विस्तार हुँदै गएको छ ।

संघीयता कार्यान्वयनको क्रममा विगत केही वर्षदेखि तथ्याङ्क उपलब्ध गराउने निकायहरु सुदृढ र व्यवस्थित हुने क्रममा रहेकाले कतिपय तथ्याङ्क विस्तृत रुपमा उपलब्ध हुन सकेको छैन् । कोरोना महामारीको कारण तथ्याङ्क संकलनको लागि छनौटमा परेका कतिपय उद्योग/व्यवसाय बन्द रहेको कारणले तथ्याङ्क प्राप्तिमा केही समस्या देखिएको छ । यसको बावजुद तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण कार्यलाई थप व्यवस्थित र भरपर्दो बनाइको छ ।

अध्ययन प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण र तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउने सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था र उद्यमी-व्यवसायीहरु प्रति आभार व्यक्त गर्दछु । प्रतिवेदन तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण योगदान गर्नु हुने नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयका उप-निर्देशक श्री प्रतिभा अधिकारी र यस कार्यमा अहोरात्र खटिने सहायक निर्देशकत्रय श्री ज्ञाज शर्मा, श्री यसोधा पोखरेल र श्री कैलाश राज भण्डारी, प्रधान सहायकद्वय श्री तारा पोखरेल शर्मा र श्री सुनिल भुजेल र सहायक श्री तिलबहादुर थापालाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

**डा. रामशरण खरेल**
**निर्देशक**

# विषय सूची


| शीर्षक | | | पेज नं. |
|---|---|---|---|
| **भूमिका** | | | **क** |
| **विषय सूची** | | | **ख** |
| **तालिका सूची** | | | **घ** |
| **चार्ट सूची** | | | **घ** |
| **कार्यकारी सारांश** | | | **ङ** |
| **परिच्छेद-१** | **अध्ययन परिचय** | | **१** |
| | १.१ | पृष्ठभूमी | १ |
| | १.२ | प्रतिवेदन तर्जूमा विधि, संरचना र तथ्याङ्क संकलन | १ |
| | १.३ | अध्ययनको सीमा | २ |
| | १.४ | अध्ययन प्रतिवेदनको ढाँचा | ३ |
| **परिच्छेद-२** | **कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति** | | **४** |
| | २.१ | गण्डकी प्रदेशको भूभाग र जनसंख्या | ४ |
| | २.२ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत स्थिति | ५ |
| | २.३ | अन्तरप्रदेश तुलना | ५ |
| | २.४ | कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान | ६ |
| | २.५ | प्रादेशिक क्षमता, सम्भावना र चुनौती | ७ |
| **परिच्छेद-३** | **कृषि क्षेत्र** | | **१०** |
| | ३.१ | परिचय | १० |
| | ३.२ | कृषि उपजले ढाकेको भू-क्षेत्र | १० |
| | ३.३ | कृषि उत्पादन | १२ |
| | ३.४ | पशुपंछी, माछा तथा वनजन्य उत्पादन | १४ |
| | ३.५ | सिँचाई तथा मौसम | १५ |
| | ३.६ | कृषि कर्जा | १६ |
| | ३.७ | क्षेत्रगत कृषि कर्जा | १७ |
| | ३.८ | कृषि क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु | १७ |
| **परिच्छेद-४** | **उद्योग क्षेत्र** | | **२०** |
| | ४.१ | परिचय | २० |
| | ४.२ | प्रमुख उद्योगहरुको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी | २० |
| | ४.३ | औद्योगिक कर्जा | २१ |
| | ४.४ | क्षेत्रगत औद्योगिक कर्जा | २२ |
| | ४.५ | औद्योगिक क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु | २३ |
| **परिच्छेद-५** | **सेवा क्षेत्र** | | **२५** |
| | ५.१ | परिचय | २५ |
| | ५.२ | पर्यटन | २५ |
| | ५.३ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २५ |
| | ५.४ | वित्तीय सेवा | २६ |
| | ५.५ | यातायात र सडक पूर्वाधार | २९ |

| | | | |
|---|---|---|---|
| | ५.६ | सेवा क्षेत्र कर्जा | २९ |
| | ५.७ | सहुलियतपूर्ण कर्जा | ३० |
| | ५.८ | पुनरकर्जा | ३० |
| | ५.९ | व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम | ३० |
| | ५.१० | गण्डकी प्रदेश सरकारको बजेट कार्यान्वयनको अवस्था | ३२ |
| | ५.११ | सेवा क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु | ३३ |
| **परिच्छेद-६** | **पूर्वाधार क्षेत्र** | | **३५** |
| | ६.१ | परिचय | ३५ |
| | ६.२ | पूर्वाधार क्षेत्र | ३५ |
| | ६.३ | जलविद्युत उर्जाको अवस्था र सम्भावना | ३७ |
| | ६.४ | पूर्वाधार क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु | ३७ |
| **परिच्छेद-७** | **आर्थिक परिदृष्य** | | **३९** |
| | ७.१ | परिचय | ३९ |
| | ७.२ | कृषि क्षेत्र | ३९ |
| | ७.३ | उद्योग क्षेत्र | ४० |
| | ७.४ | सेवा क्षेत्र | ४० |
| | ७.५ | पूर्वाधार क्षेत्र | ४१ |

# तालिका सूची

**शीर्षक** **पेज नं.**


| | |
|---|---|
| तालिका २.१: गण्डकी प्रदेशको जिल्लागत जनसंख्याको विवरण २०७८ | ५ |
| तालिका २.२: प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) | ६ |
| तालिका २.३: प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत स्थिति | ७ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत) | ११ |
| तालिका ३.२: कृषि वालीको उत्पादन (जिल्लागत) | १३ |
| तालिका ३.३: प्रमुख पशुपन्छीजन्य उत्पादन (जिल्लागत) | १५ |
| तालिका ३.४: जिल्लागत कृषि कर्जा | १६ |
| तालिका ३.५: क्षेत्रगत कृषि कर्जा | |
| तालिका ४.१: गण्डकी प्रदेशमा रहेका उद्योगहरुको उत्पादन | २१ |
| तालिका ४.२: क्षेत्रगत औद्योगिक कर्जा | २२ |
| तालिका ५.१: होटलको विवरण | २६ |
| तालिका ५.२: सार्वजनिक निर्माण र रियलस्टेट | २६ |
| तालिका ५.३: बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति | २७ |
| तालिका ५.४: बैंक तथा वित्तीय उपकरण प्रयोगकर्ताको विवरण | २८ |
| तालिका ५.५: क्षेत्रगत सेवा कर्जा | ३० |
| तालिका ५.६: सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधी (तेस्रो संशोधन), २०७५ अनुसार गण्डकी प्रदेशमा प्रवाहित कर्जा | ३० |
| तलिका ५.७ : जिल्लागत पुनरकर्जा विवरण | ३१ |
| तालिका ५.८ कर्जाको सीमा र भुक्तानी अवधि | ३२ |
| तालिका ५.९ आ.व.२०७८/७९ पुष मसान्तसम्मको क्षेत्रगत कर्जा प्रवाह | ३२ |


## चार्ट सूची


| | |
|---|---|
| चार्ट २.१: आर्थिक वर्ष २०७८/७९ को प्रादेशिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | ६ |
| चार्ट ३.१: प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफल (हेक्टरमा) | १२ |
| चार्ट ३.२: प्रमुख कृषि बालीहरुको उत्पादन (मे.टनमा) | १४ |
| चार्ट ३.३: सिँचाई क्षेत्रमा भएको विस्तार (लाख हेक्टरमा) | १६ |
| चार्ट ४.१: आ.व. २०७८/७९ मा उद्योगहरुको क्षमता उपयोग (प्रतिशतमा) | २० |
| चार्ट ५.१: कुल निक्षेप र कुल कर्जा (रु.दश लाखमा) | २७ |
| चार्ट ५.२: गण्डकी प्रदेशको बजेट खर्चको अवस्था | ३२ |
| चार्ट ५.३: २०७८/७९ को गण्डकी प्रदेशको राजश्वको स्रोत | ३३ |


## Case Study


| | |
|---|---|
| होङ्सी शिवम् सिमेन्ट प्रा.लि. | २३ |
| सिरुवारी होम-स्टे | २५ |
| तनहुँ हाइड्रोपावर लिमिटेड | ३६ |

# कार्यकारी सारांश

## समष्टिगत स्थिति

१. केन्द्रीय तथ्याङ्क विभागको पछिल्लो विवरण अनुसार आर्थिक वर्ष २०७८/७९ मा नेपालको आर्थिक वृद्धि ५.८ प्रतिशत हुने अनुमान रहेको छ। गण्डकी प्रदेशको आर्थिक वृद्धि भने राष्ट्रिय औसत भन्दा बढी अर्थात् ६.२ प्रतिशत हुने अनुमान रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा देशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २३.९ प्रतिशत, १४.२ प्रतिशत र ६१.८ प्रतिशत हुने केन्द्रीय तथ्याङ्क विभागको अनुमान रहेको छ।

२. गण्डकी प्रदेशका ११ जिल्लाहरुमा सम्पन्न स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा (साउनदेखि पुससम्म) गण्डकी प्रदेशको आर्थिक गतिविधिमा सुधार आएको छ। पछिल्लो समय कोरोना महामारीको समस्या क्रमशः न्यूनहुँदै गएको, कृषि उत्पादनमा केही वृद्धि भएको, उद्योगको क्षमता उपयोग बढ्दै गएको, यातायात र पर्यटन लगायतका सेवा क्षेत्र समेत क्रमशः पुनरुत्थान हुँदै गएकोले प्रदेशको समष्टिगत आर्थिक गतिविधिमा सुधार आएको हो।

## कृषि क्षेत्र

३. आर्थिक वर्ष २०७८/७९ को प्रथम अर्धवार्षिक अवधिमा गण्डकी प्रदेशका ११ जिल्लाहरुमा प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल ३.८ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा धान, मकै, कोदो, र तेलहनले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने आलु, उखु, भटमास र दलहन खेती गरिएको क्षेत्रफल घटेको छ।

४. त्यसैगरी, तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल ४.६ प्रतिशतले घटेको छ भने फलफूल तथा मसलाबालीले ढाकेको क्षेत्रफल ३.७ प्रतिशतले वृद्धि भएको छ। यसमध्ये स्याउ, केरा र सुन्तला खेती गरिएको क्षेत्रफलमा क्रमशः ५.८ प्रतिशत, ३.६ प्रतिशत र ३.४ प्रतिशतले वृद्धि भएको छ।

५. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन २.८ प्रतिशतले वृद्धि भएको छ। यस अवधिमा फापर (८.५ प्रतिशत), मकै (५.१ प्रतिशत), धान (२.३ प्रतिशत), कोदो (२ प्रतिशत), तेलहन (१.५ प्रतिशत), उखु (०.८ प्रतिशत) र आलु (०.२ प्रतिशत) को उत्पादन बढेको छ भने भटमास र दलहनको उत्पादनमा भने केही ह्रास आएको छ।

६. पशुजन्य उत्पादनतर्फ; अण्डाको उत्पादन १५.२ प्रतिशत, माछाको उत्पादन १.४ प्रतिशत, मासुको उत्पादन ०.४ प्रतिशत र दुधको उत्पादन ०.३ प्रतिशतले वृद्धि भएको छ। वनजन्य उत्पादनतर्फ काठको उत्पादन ३८.६ प्रतिशतले वृद्धि भएको छ।

७. २०७८ पुष मसान्तमा गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले कृषि, वन र माछापालन क्षेत्रमा रु.२९ अर्ब ५४ करोड कर्जा लगानी गरेका छन् जुन यस प्रदेशमा प्रवाहित कुल कर्जाको ८.४ प्रतिशत हुन आउँछ।

**उद्योग क्षेत्र**

८. समीक्षा अवधिमा अध्ययनमा समेटिएका उद्योगहरुको औसत उत्पादन क्षमता उपयोग ४२.७ प्रतिशत रहेको छ ।

९. औद्योगिक उत्पादनतर्फ समीक्षा अवधिमा तोरीको तेल, विस्कुट, चुरोट, औषधि र सिमेन्टको उत्पादनमा वृद्धि भएको छ भने दुध, चक्लेट, चाउचाउ, वियर र इट्टाको उत्पादनमा ह्रास आएको छ ।

१०. २०७८ पुष मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जाको १४.५ प्रतिशत अर्थात् रु.५० अर्ब ९२ करोड कर्जा रकम औद्योगिक क्षेत्रमा लगानी गरेका छन् ।

**सेवा क्षेत्र**

११. २०७८ पुष मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन २०७८ असार मसान्तको तुलनामा १.८ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ७५ अर्ब ३ करोड पुगेको छ । कुल कर्जा प्रवाह भने ११.१ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ५० अर्ब ७४ करोड पुगेको छ ।

**पूर्वाधार क्षेत्र**

१२. पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य करिव ९१ प्रतिशत सम्पन्न भएको छ ।

१३. मध्य पहाडी लोकमार्गको गोरखा-लमजुङ खण्डको करिब १११ कि.मि. सडक निर्माणमध्ये ५६ प्रतिशत र कास्की-पर्वत-बाग्लुङ खण्डको करिब २४५ कि.मि.मध्ये ८५ प्रतिशत कार्य सम्पन्न भएको छ ।

१४. यस प्रदेशमा ४६ जलविद्युत् आयोजनाहरुबाट ५९३ मेगावाट जलविद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ । नेपालको कुल जलविद्युत् उत्पादनमा यस प्रदेशको योगदान २८.२ प्रतिशत रहेको छ । गण्डकी प्रदेशमा हाल ७३७ मेगावाट क्षमताका ३६ जलविद्युत् आयोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् ।

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमी

नेपाल राष्ट्र बैंकले मुलुकको समष्टिगत आर्थिक, वित्तीय र वाह्य क्षेत्रसंग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ। यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ। प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०७८/७९ को अर्धवार्षिक विवरणमा (२०७८ साउनदेखि पुससम्मको विवरण) अधारित रहेको छ।

विगतमा तोकिएका जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी अध्ययन प्रतिवेदन तर्जूमा गर्ने प्रचलन रहेकोमा मुलुकमा संघीयता कार्यान्वयनमा आएपछि प्रदेशगत रुपमा समेत यस्तो अध्ययन प्रतिवेदन तर्जूमा गर्नु पर्ने आवश्यकता बोध हुन थाल्यो। फलस्वरुपः गत वर्षदेखि यस बैंकले सबै जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्न थालेको छ। सो अनुसार गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा कास्की, स्याङ्जा, तनहुँ, लमजुङ, गोरखा, बाग्लुङ, म्याग्दी, मनाङ, मुस्ताङ, पर्वत र नवलपरासी (पूर्व) गरी ११ जिल्लाहरु समेटिएको छ।

## १.२ प्रतिवेदन तर्जूमा विधि, संरचना र तथ्याङ्क संकलन

आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा गण्डकी प्रदेशको समग्र आर्थिक स्थिति सहित कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगति यो प्रतिवेदमा समावेश गरिएको छ। त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा गण्डकी प्रदेशको अवस्थिति र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत प्रतिवेदनमा समाबेश गरिएको छ। प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना र समस्या एवंम् चुतौतिहरु संक्षिप्तमा उजागर गरिएको छ। यसका अतिरिक्त यो आर्थिक वर्षको पहिलो ६ महिनाको स्थिति तथा बाँकी ६ महिनाको अवधिको अनुमानको आधारमा गण्डकी प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको परिदृष्य समेत प्रतिवेदनमा समावेश गरिएको छ। यसको अतिरिक्त गण्डकी प्रदेशमा जलविद्युतको उत्पादन स्थिति र सम्भावनाबारेमा समेत यस पटकको अध्ययन प्रतिवेदनमा विश्लेषण गरिएको छ।

नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि अध्ययन मार्गदर्शन, २०७६ अनुसार यस प्रदेशको सबै जिल्लाहरुमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरुमा मूलतः स्थलगत सर्वेक्षण गरी प्राप्त तथ्याङ्कको आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

प्रतिवेदनमा कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयबाट संकलन गरिएको छ। त्यस्तै, मुख्य खाद्य बाली सम्बन्धी केही तथ्याङ्क संघीय कृषि तथा पशुपन्छि विकास मन्त्रालयबाट समेत लिइएको छ। यी निकायहरुबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिंचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरु संकलन गरिएको छ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरुको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमूना छनौटमा परेका १४ उद्योगहरुको स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ । बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्यांक बैंक तथा वित्तीय संस्थाहरुले नेपाल राष्ट्र बैंकमा पठाएको विवरण आर्थिक अनुसन्धान विभाग मार्फत लिइएको छ । साथै, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो बापतको राजश्वको रकम नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग मार्फत लिइएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमूना छनौटमा परेका १० होटलहरुबाट स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । घरजग्गा नक्शापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरुबाट, पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, सडक डिभिजन कार्यालय र नगरपालिकाबाट समेत लिइएको छ । यातायाततर्फ, सवारी संख्या सम्बन्धि विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न कास्की जिल्लाका १० वचत तथा ऋण सहकारी संस्थाहरुको नमुना छनौट गरी विवरण संकलन गरिएको छ ।

पूर्वाधार क्षेत्र अन्तरगत यस प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजना सम्बन्धी विवरण सम्बन्धित सरकारी कार्यालयहरुबाट लिइएको छ ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

नेपालको संविधान, २०७२ बमोजिम संघीयता कार्यान्वयनमा आए पश्चात तथ्याङ्क प्रदायक निकायहरुको पुनरसंरचना भएकोले तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन । फलस्वरुपः कृषि उत्पादन र पूर्वाधार लगायतका कतिपय विवरणहरु समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन । खासगरी कृषिको तथ्याङ्क कृषि मन्त्रालय र सडक पूर्वाधारको विवरण सडक विभागको विवरणमा आधारित गरिएको छ ।

त्यसैगरी यस प्रदेशमा सञ्चालित कतिपय उद्योगहरुका केन्द्रीय कार्यालय अन्य प्रदेशहरुमा रहेकोले उत्पादन र रोजगारीका विवरणहरु अपेक्षित रुपमा उपलब्ध हुन सकेको छैन । कतिपय उद्योगहरुले तथ्याङ्क उपलब्ध गराउने कार्यलाई थप व्यवस्थित गर्नु पर्ने देखिएको छ ।

भौतिक निर्माण तर्फ, गाउँपालीकाहरुले निर्माण गरेका सडक, सिंचाई र खानेपानी आयोजनाहरुका जिल्लागत विवरण पर्याप्त मात्रामा उपलब्ध हुन सकेको छैन ।

सेवा क्षेत्रमा खासगरी पर्यटकको विवरण उपलब्ध गराउने निकाय एक भन्दा बढी भएको र प्रत्येक निकायहरुले उपलब्ध गराउने विवरणमा भिन्नता देखिने कारण छनौटमा परेको निकायहरुबाट प्राप्त विवरणलाई आधिकारीक मानिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनमा ७ परिच्छेद रहेको छ। परिच्छेद १ मा प्रतिवेदनको परिचय प्रस्तुत गर्दै यसको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति प्रस्तुत गरिएको छ। त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार क्षेत्रको विवरण समावेश गरिएको छ। अन्त्यमा, परिच्छेद ७ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ।

# परिच्छेद २

## गण्डकी प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति

### २.१ गण्डकी प्रदेशको भूभाग र जनसंख्या

गण्डकी प्रदेशमा धवलागिरी अञ्चलका ४ जिल्ला, गण्डकी अञ्चलका ६ जिल्ला र लुम्बिनी अञ्चलको नवलपरासी जिल्लाको वर्दघाट सुस्ता पूर्वको भु-भाग गरी ११ जिल्ला रहेको छ । नेपालको मध्य भागमा अवस्थित, हिमालदेखि तराइसम्म फैलिएको यस प्रदेशले नेपालको कुल भू-भागको १४.७ प्रतिशत क्षेत्रफल (२१,९७४ वर्ग कि.मि.) ओगटेको छ । प्रशासनिक हिसाबले यस प्रदेशलाई ११ जिल्ला, १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाँउपालिका गरी ८५ स्थानीय तह र ७५९ वडामा विभाजन गरिएको छ ।

वि.स २०७८ मा भएको जनगणनाको प्रारम्भिक नतिजा अनुसार गण्डकी प्रदेशको कुल जनसंख्या २४,७९,७४५ रहेको छ । विगत दश वर्षमा गण्डकी प्रदेशको जनसंख्या ३.२ प्रतिशतले बढेको छ भने वार्षिक ०.३ प्रतिशतले बढीरहेको छ । मुलुकभरका ७७ जिल्लाहरुमध्ये गण्डकी प्रदेशको मनाङ र मुस्ताङ जिल्लामा सवैभन्दा कम जनसंख्या रहेको छ । नेपालको कुल जनसंख्यामा यस प्रदेशको हिस्सा ८.५ प्रतिशत रहेको छ ।

गण्डकी प्रदेशमा मनाङ, स्याङ्गजा पर्वत, लमजुङ, गोरखा, बाग्लुङ र म्याग्दी  गरी ७ जिल्लाको वार्षिक जनसंख्या वृद्धिदर ऋणात्मक रहेको छ भने नवलपरासी पूर्व, कास्की, मुस्ताङ र तनहुँ गरी ४ जिल्लाको वार्षिक जनसंख्या वृद्धि धनात्मक रहेको छ । खासगरी, दुर्गमबाट सुगमतर्फ बसाइ-सराई हुने प्रवृत्ति बढेकोले केही पहाडी र हिमाली जिल्लाको जनसंख्या कम हुँदै गएको हो ।

यस प्रदेशमा कुल घर परिवार संख्या ६ लाख ७८ हजार १७६ रहेको छ । गण्डकी प्रदेशमा २०६८ सालमा परिवार संख्या औसत ४.२ व्यक्ति रहेकोमा २०७८ को जनगणना अनुसार यो अनुपात घटी औसत ३.७ व्यक्तिमा झरेको छ ।  प्रदेशमा आर्थिक रुपले सक्रिय जनसंख्या झण्डै ५७ प्रतिशत[1] रहेको छ । यो प्रदेशमा तराइको समथर भु-भाग देखि माछापुच्छ्रे र धौलागिरी हिमाल लगायतका उच्च हिमश्रृङ्खलाहरु समेत रहेकोले विविध प्रकारका हावापानी एवम् उत्पादनको सम्भावना रहेको छ ।

[1] प्रथम पञ्चवर्षिय योजना, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, २०७७ बैशाख

**तालिका : २.१ गण्डकी प्रदेशको जिल्लागत जनसंख्याको विवरण २०७८**

| जिल्ला | राष्ट्रिय जनसंख्या २०६८ | | | | राष्ट्रिय जनसंख्या २०७८ | | | | औसत वृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला (प्रतिशतमा) | महिला | पुरुष | जम्मा | महिला (प्रतिशत मा) | |
| गोर्खा | १५०,०२० | १२१,०४१ | २७१,०६१ | ५५.३ | १३२,३९० | ११९,८११ | २५२,२०१ | ५२.५ | -७.० |
| मनाङ | २,८७७ | ३,६६१ | ६,५३८ | ४४.० | २,४५७ | ३,१८८ | ५,६४५ | ४३.५ | -१३.७ |
| मुस्ताङ | ६,३५९ | ७,०९३ | १३,४५२ | ४७.३ | ६,४२२ | ८,१७४ | १४,५९६ | ४४.० | ८.५ |
| म्याग्दी | ६२,२४६ | ५१,३९५ | ११३,६४१ | ५४.८ | ५४,८१८ | ५२,५५४ | १०७,३७२ | ५१.१ | -५.५ |
| कास्की | २५५,७१३ | २३६,३८५ | ४९२,०९८ | ५२.० | ३०६,७४० | २९२,७६४ | ५९९,५०४ | ५१.२ | २१.८ |
| लमजुङ | ९१,८११ | ७५,९१३ | १६७,७२४ | ५४.७ | ८०,२७१ | ७३,२०९ | १५३,४८० | ५२.३ | -८.५ |
| तनहुँ | १७९,८७८ | १४३,४१० | ३२३,२८८ | ५५.६ | १७४,६९९ | १५२,९२१ | ३२७,६२० | ५३.३ | १.३ |
| नवलपरासी (पूर्व) | १६८,८२५ | १४२,७७९ | ३११,६०४ | ५४.२ | २०१,६५९ | १७९,४४६ | ३८१,१०५ | ५२.९ | २२.३ |
| स्याङ्जा | १६३,३१५ | १२५,८३३ | २८९,१४८ | ५६.५ | १३६,८८९ | ११८,०७६ | २५४,९६५ | ५३.७ | -११.८ |
| पर्वत | ८१,२८९ | ६५,३०१ | १४६,५९० | ५५.५ | ६९,५७५ | ६३,१२८ | १३२,७०३ | ५२.४ | -९.५ |
| बाग्लुङ | १५०,६१६ | ११७,९९७ | २६८,६१३ | ५६.१ | १३३,३६५ | ११७,१८९ | २५०,५५४ | ५३.२ | -६.७ |
| जम्मा | १,३१२,९४९ | १,०९०,८०८ | २,४०३,७५७ | ५४.६ | १,२९९,२८५ | १,१८०,४६० | २,४७९,७४५ | ५२.४ | ३.२ |

*स्रोत : केन्द्रिय तथ्यांक विभाग।*

## २.२ राष्ट्रिय अर्थतन्त्रमा गण्डकी प्रदेशको योगदान

केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७७/७८ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) रु.३ खर्ब ८० अर्ब रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो उत्पादन ५.८ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब ३१ अर्ब पुग्ने प्रारम्भिक अनुमान छ।

आर्थिक वर्ष २०७८/७९ मा नेपालको आर्थिक वृद्धि ५.८ प्रतिशत पुग्ने अनुमान रहेको छ। गत आर्थिक वर्ष नेपालको आर्थिक वृद्धि ४.२ प्रतिशत रहेको थियो। पछिल्लो समय कोभिड-१९ संक्रमण न्यूनहुँदै गएकोले आर्थिक क्रियाकलाप क्रमशः विस्तार हुँदै गएकोले आर्थिक वृद्धिदर सकरात्मक हुन सकेको हो।

नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २३.९ प्रतिशत, १४.३ प्रतिशत र ६१.८ प्रतिशत रहेको छ। गण्डकी प्रदेशमा यस्तो अंश क्रमशः २५.९ प्रतिशत, १८.४ प्रतिशत र ५५.६ प्रतिशत रहने अनुमान छ। प्रदेशको क्षेत्रगत योगदान हेर्दा, कृषि क्षेत्रमा बागमती प्रदेश पछि यो प्रदेशको सबैभन्दा कम योगदान रहेको छ। अन्य प्रदेशको तुलनामा उद्योग क्षेत्रमा यस प्रदेशको योगदान सबैभन्दा बढी (१८.४ प्रतिशत) रहेको छ। सेवा क्षेत्रको योगदानमा बागमती र कर्णाली प्रदेश पछि यस प्रदेश तेस्रो स्थानमा रहेको छ।

## २.३ अन्तर प्रदेश तुलना

आर्थिक वर्ष २०७८/७९ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै योगदान (३६.९ प्रतिशत) बागमती प्रदेशको रहेको छ भने सबैभन्दा कम योगदान कर्णाली प्रदेशको (४.१ प्रतिशत) रहेको छ। गत आर्थिक वर्ष नेपालको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान ८.९ प्रतिशत रहेकोमा यो वर्ष पनि सोही अनुपात कायम हुने देखिएको छ।

**तालिका : २.२ प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा)**


(आर्थिक वर्ष २०७८/७९)

| प्रदेश | कुल गार्हस्थ्य उत्पादन (रु. अर्बमा) | राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको अंश | आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) |
|---|---|---|---|
| प्रदेश १ | ७६३ | १५.७ | ५.४ |
| मधेश प्रदेश | ६४४ | १३.३ | ४.८ |
| बागमती प्रदेश | १७९१ | ३६.९ | ६.७ |
| गण्डकी | ४३१ | ८.९ | ६.२ |
| लुम्बिनीप्रदेश | ६८५ | १४.१ | ५.४ |
| कर्णाली प्रदेश | १९८ | ४.१ | ५.५ |
| सुदूरपश्चिम | ३३९ | ७.० | ४.९ |
| राष्ट्रिय | ४८५२ | १००.० | ५.८ |

*स्रोत : केन्द्रिय तथ्यांक विभाग ।*

आर्थिक वर्ष २०७८/७९ मा बागमति प्रदेशको आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) सबैभन्दा बढी (६.७ प्रतिशत) र मधेश प्रदेशको सबैभन्दा कम (४.८ प्रतिशत) रहने अनुमान रहेको छ । यो वर्ष गण्डकी प्रदेशको आर्थिक वृद्धिदर ६.२ प्रतिशत हुने अनुमान रहेको छ । आर्थिक वृद्धिदर को आधारमा यस प्रदेश दोश्रो स्थानमा रहने देखिएतापनि देशको कुल गार्हस्थ्य उत्पादनमा योगदानको आधारमा यस प्रदेश पाचौं स्थानमा रहेको छ ।

**चार्ट २.१ : आर्थिक वर्ष २०७८/७९ को प्रादेशिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा)**




*स्रोत : केन्द्रिय तथ्यांक विभाग ।*

## २.४ कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान

आर्थिक वर्ष २०७८/७९ मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २३.९ प्रतिशत, १४.३ प्रतिशत र ६१.८ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । जबकी, गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २६ प्रतिशत, १८.४ प्रतिशत र ५५.६ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । यस प्रदेशमा कृषि र उद्योग क्षेत्रको योगदान राष्ट्रिय औसत भन्दा केही बढी र सेवा क्षेत्रको योगदान

केही कम हुने देखिएता पनि राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन र यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको संरचना भने उस्तै रहेको छ ।

**तलिका :२.३ प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत स्थिति**

| विवरण | आ.व २०७८/७९ को प्रारम्भिक अनुमान | | | आ.व २०७७/७८ को संशोधित अनुमान | | |
|---|---|---|---|---|---|---|
| | कृषि | उद्योग | सेवा | कृषि | उद्योग | सेवा |
| प्रदेश १ | ३३.१ | १७.८ | ४९.१ | ३४.३ | १७ | ४८.७ |
| मधेश प्रदेश | ३४.३ | १२.१ | ५३.६ | ३५.६ | ११.८ | ५२.७ |
| वाग्मती प्रदेश | ११.१ | १२.२ | ७६.७ | ११.६ | ११.५ | ७६.९ |
| गण्डकी प्रदेश | २६ | १८.४ | ५५.६ | २६.९ | १७.७ | ५५.४ |
| लुम्बिनी प्रदेश | २९.४ | १६ | ५४.५ | ३०.५ | १५.६ | ५४ |
| कर्णाली प्रदेश | ३१.५ | ११.१ | ५७.४ | ३२.२ | १०.८ | ५७ |
| सुदुरपश्चिम प्रदेश | ३३.६ | १४.६ | ५१.८ | ३४.६ | १४.२ | ५१ |
| राष्ट्रिय | २३.९ | १४.२ | ६१.८ | २४.९ | १३.७ | ६१ |

*स्रोत : केन्द्रिय तथ्यांक विभाग ।*

## २.४ प्रादेशिक क्षमता, सम्भावना र चुनौती

### २.४.१ प्रादेशिक क्षमता र सम्भावना

- प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना अन्तर्गतका सुपरजोन, जोन, ब्लक तथा पकेट क्षेत्र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन मार्फत मासु तथा दुग्धजन्य पदार्थ, सुन्तला, तरकारी, स्याउ, कफी जस्ता उच्च मूल्य पर्ने कृषि उत्पादनमा आत्मनिर्भर भई निकासी गर्न सक्ने सम्भावना बढेको छ ।

- पर्यटनमा अग्रणी स्थानमा रहेको यस प्रदेशमा कृषि र सेवा क्षेत्रको आबद्धता (Agro-Service Linkage) बढाई पर्यटन क्षेत्रलाई आवश्यक पर्ने कृषि उत्पादन आपूर्ति, कृषि ऋणमा सरलीकरण, कृषि बीमा र नयाँ प्रविधिहरुको उपयोगमा प्रोत्साहन र कृषि पर्यटनको विकासमा जोड दिन सकिएमा यस प्रदेशमा आय आर्जन र रोजगारी सिर्जनमा महत्वपूर्ण योगदान पुग्ने देखिएको छ ।

- गण्डकी प्रदेशमा खाद्यान्न, तरकारी तथा फलफूल, पशुपंछि, माछापालन लगायतको कृषि व्यवसायको प्रचुर सम्भावना छ । पछिल्लो समयमा व्यवसायिक रुपमा सुन्तला, कफी, स्याउ तथा मौरीपालनमा कृषकहरुको आकर्षण बढ्दै गइरहेको छ । उच्च हिमाली क्षेत्रमा पशुपालन, मध्यपहाडी क्षेत्रमा फलफूल खेती र नवलपरासी (पूर्व) को तराई र मध्यभागका टारहरुमा तरकारी तथा अन्न बाली र औद्योगिक गतिविधि विस्तार हुदै गएको छ । यसको विस्तारमा थप विकास गर्न सकिएमा यस प्रदेशको आर्थिक विकासमा थप योगदान पुग्ने सम्भावना रहेको छ ।

- विश्वका थोरै आकर्षक पर्यटकीय स्थलहरुमध्ये गण्डकी प्रदेशको पोखरा, धवलागिरी र अन्नपूर्ण क्षेत्र रहेकोले यो क्षेत्रमा आवश्यक पर्यटकीय पूर्वाधारको विकास, प्रचार प्रसारमा अग्रसरता र सेवा गुणस्तरमा सुधार गर्न सकिएमा प्रदेशको पहिचान र समृद्धिको महत्वपूर्ण आधार पर्यटन हुने देखिएको छ । हाल कोरोना महामारी कम हुँदै गएकोले विगतमा स्थगित गरिएको भिजिट नेपाल, २०२० आगामी वर्ष पोखरा र अन्नपूर्ण क्षेत्र लक्षित गरी आयोजना गर्न सकिएमा यो क्षेत्रको पर्यटन विकासमा थप टेवा पुग्ने देखिएको छ ।

- यस प्रदेशका अद्वितीय पर्यटकीय क्षेत्रहरु जस्तैः फेवातालबाट देखिने माछापुच्छ्रेको मनोरम दृश्य, सराङकोटबाट देखिने सूर्योदय र सूर्यास्त, कास्की र मनाङ्गका तालतलैया, दक्षिण एसियाकै नमूना घलेगाँउ, नेपालकै पहिलो ग्रामीण होम-स्टे सिरुबारी यो क्षेत्रको पर्यटन विकासका आधार रहेको छ । त्यसैगरी, मुक्तिनाथ, मौलाकालिका, गलेश्वरधाम, फेवातालको बीचमा रहेको ताल बाराही, गोरखा मनकामना, बाग्लुङ कालिका लगायतको धार्मिक पर्यटकीय स्थलहरुको थप प्रचार प्रसारले पर्यटन विकासमा थप टेवा पुग्ने देखिएको छ । यो प्रदेशमा विकास हुदै गएको साहसिक पर्यटन तथा प्याराग्लाइडिङ, बन्जि जम्पिङ, क्यानोयिङ, जिपलाइन र स्वीङको विकासले पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको छ ।

- पर्यटन पूर्वाधारतर्फ अन्नपूर्ण, धौलागिरी र मनास्लु ट्रेकमा सुधार, नेपाल-चीन जोड्ने कालीगण्डकी करिडोर हुँदै कोरलासम्मको सडक स्तरोन्नतिको कार्य, आन्तरिक हवाइ उडानहरु जस्तै पोखरासँग मुस्ताङको जोमसोम र मनाङको हुम्डे लगायत तराइका सिमरा, भैरहवा, नेपालगञ्ज जोडिनु र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालनबाट पर्यटन लगायत यस क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुग्ने देखिएको छ ।

- निर्माणाधीन पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, कालीगण्डकी कोरिडोर तथा मध्य-पहाडी लोकमार्ग लगायतका परियोजनाहरुको निर्माण कार्य सम्पन्न भएपश्चात् यस प्रदेशको पर्यटन, यातायात र कृषि क्षेत्रको थप विकास भई आर्थिक गतिविधि विस्तारमा उल्लेख्य प्रगति हासिल हुने सम्भावना रहेको छ ।

- गण्डकी प्रदेशमा आर्थिक रुपले १२,९३० मेगावाट जलविद्युत उत्पादन गर्न सक्ने सम्भावना रहेको भएतापनि हालसम्म ५९३ मेगावाट मात्र जलविद्युत उत्पादन भएकोले थप जलविद्युत उत्पादन गर्न सक्ने प्रचुर सम्भावना रहेको छ ।

- यस प्रदेशको उच्च हिमाली तथा पहाडी जिल्लाहरुमा सौर्य र वायु उर्जा उत्पादनको पनि उत्तिकै सम्भावना रहेको छ । उर्जालाई प्रदेश सम्वृद्धिको संवाहक बनाउन ठूला जलाशययुक्त जलविद्युत, सौर्य र वायु उर्जा आयोजना विकास गरी विद्युत उत्पादन उल्लेख्य मात्रामा बढाउन सकिने सम्भावना रहेको छ ।

### २.४.२ प्रादेशिक समस्या तथा चुनौति

- गण्डकी प्रदेशका उच्च हिमाली जिल्ला तथा मध्य पहाडि जिल्लाहरुबाट बसाइ/सराई हुने क्रममा तिब्रता आएकोले ती क्षेत्रहरुमा जनसंख्या संकुचन हुदै गएको छ । यसरी जनसंख्या कम हुदै गएको सन्दर्भमा उर्वरभूमी बाझो रहने समस्या समाधान गर्दै प्रचुर सम्भावना

रहेको कृषि, औषधि, पशु र वनजन्य उत्पादनमा अग्र-पृष्ट (Backward-Forward Linkage) सम्बन्ध स्थापित गरी आय आर्जन र रोजगारीको अवसर सिर्जन गर्नु चुनौतिपूर्ण छ ।

- कृषि क्षेत्रमा थप लगानी बढाई कृषिको आधुनिकीकरण, व्यवसायिकीकरण, यान्त्रिकीकरण तथा विविधीकरण मार्फत एकातर्फ आन्तरिक उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापन र अर्कोतर्फ कृषकको जीवनस्तर सुधार गर्ने कार्य चुनौतिपूर्ण छ । विगत लामो समयदेखि चर्चामा रहेको भूमी बैंक र जग्गा भाडामा लिने/दिने आवधारणा कार्यान्वयनमा ल्याउन सकिएको छैन ।

- कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायिकीकरण र यान्त्रिकीकरण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न विभिन्न प्रकारका अनुदानको व्यवस्था रहेता पनि कृषि अनुदान प्रभावकारी देखिएको छैन । तसर्थ, विद्यमान कृषि अनुदान व्यवस्थाको पुनरावलोकन गर्दै उत्पादन तथा प्रतिफलमा आधारित कृषि अनुदान प्रणालीको शुरुवात गर्नु चुनौतिपूर्ण छ ।

- पर्यटन पूर्वाधार र जलविद्युत लगायतका आयोजनाहरु समयमै सम्पन्न गर्न पर्याप्त स्रोत/साधन एवम् जनशक्तिको अभाव मुख्य चुनौतीको रुपमा रहेको छ । यसका अतिरिक्त जलविद्युत आयोजनाहरुमा जग्गा अधिग्रहण तथा मुआब्जा वितरण, परियोजना निर्माणका लागि वनका रुख कटान लगायतका पुराना समस्या अझै विद्यमान रहेकोले निर्धारित समयमा निर्माण कार्य सम्पन्न गर्ने कार्य चुनौतिपूण देखिएको छ । अर्कोतर्फ औद्योगिक क्षेत्रको विकास तथा विस्तारका लागि आवश्यक पूर्वाधार विकास एवम् लगानीमैत्री वातावरणको निर्माण गरी लगानी अभिवृद्धि गर्ने कार्य पनि चुनौतिपूर्ण छ ।

# परिच्छेद ३

# कृषि क्षेत्र

## ३.१ परिचय

गण्डकी प्रदेशमा आर्थिक रुपले सक्रिय जनसंख्याको ठूलो हिस्सा कृषिमा आश्रित रहेको छ भने कुल घरपरिवारमध्ये ८६ प्रतिशतको[2] आम्दानीको मुख्य स्रोत कृषि रहेको छ। गण्डकी प्रदेशमा कृषि पेशा सर्वाधिक महत्वको रुपमा रहेको सन्दर्भमा यस परिच्छेदमा गण्डकी प्रदेशमा कृषि उपजले ढाकेको जिल्लागत र कृषि उपजगत भू-क्षेत्रको विवरण उल्लेख गर्दै जिल्लागत कृषि उत्पादनको स्थिति, सिचाई अवस्था; कृषि कर्जा एवम कृषि क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरुको संक्षिप्त विश्लेषण गरिएको छ।

## ३.२ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७८/७९ को प्रथम अर्धवार्षिक अवधि सम्ममा गण्डकी प्रदेशमा प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको सोही अवधिको तुलनामा करिव ३.८ प्रतिशतले वृद्धि भई ४ लाख ५२ हजार ३९० हेक्टर भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफलमा १.३ प्रतिशतले वृद्धि भएको थियो। यस प्रदेशको कृषि उपजले ढाकेको कुल क्षेत्रफलको ८९ प्रतिशत प्रमुख खाद्य तथा अन्न बाली, ५ प्रतिशत तरकारी तथा बागवानी र ६ प्रतिशत फलफूल तथा मसला लगाइएको क्षेत्रफल रहेको छ। (तालिका ३.१)।

### (क) खाद्य तथा अन्य बाली

समीक्षा वर्षको प्रथम अर्ध वार्षिक अवधिमा प्रमुख खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ४.३ प्रतिशतले वृद्धि भई ४ लाख ०४ हजार १६० हेक्टर पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ०.०५ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा फापर, मकै, धान र कोदोले ढाकेको क्षेत्रफलमा क्रमशः १३ प्रतिशत, १० प्रतिशत, ५.३ प्रतिशत, १.२ प्रतिशतले वृद्धि भएको छ भने दलहन, भटमास, आलु र उखुको क्षेत्रफलमा क्रमशः १२.१ प्रतिशत, ९.७ प्रतिशत, ७.९ प्रतिशत, ४.९ प्रतिशतले ह्रास आएको छ। खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलको ३८ प्रतिशत भु भागमा मकै र २८ प्रतिशतमा धान खेती रहेको छ।

### (ख) तरकारी तथा बागवानी

समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा ४.६ प्रतिशतले ह्रास आई २२ हजार ४८८ हेक्टर पुगेको छ। अघिल्लो वर्ष सोही अवधिमा यस्तो क्षेत्रफलमा २१.७ प्रतिशतले वृद्धि भएको थियो।

### (ग) फलफूल तथा मसलाजन्य बाली

समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल ३.७ प्रतिशतले वृद्धि भएको छ। फलफूलमध्ये स्याउ खेती गरिएको क्षेत्रफल ५.८ प्रतिशत, सुन्तला खेती गरिएको क्षेत्रफल

[2] प्रथम पञ्चवर्षिय योजना, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, २०७७ बैशाख

३.४ प्रतिशत र केरा खेती गरिएको क्षेत्रफल ३.६ प्रतिशतले वृद्धि भएको छ । मसलाजन्य बाली लगाइएको क्षेत्रफल भने ६.६ प्रतिशतले वृद्धि भएको छ । मनाङ र मुस्ताङ जिल्लामा उत्पादित स्याउको माग बढ्नुका साथै यातायातको सुविधा समेत पुगेको हुनाले स्याउ खेती प्रति कृषकहरु आकर्षित हुँदै गएका कारण यसको खेतीको क्षत्रफल बढेको हो । त्यस्तै म्याग्दीमा केरा खेतीको नयाँ पकेट स्थापना भएकोले उक्त खेतीको समेत क्षेत्रफल वृद्धि भएको हो ।


**तालिका : ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत)**

| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| गोर्खा | ५१,५२१.६१ | १,७७०.०० | २,३६०.०० | १२.७ | ७.९ | ९.२ |
| मनाङ | १३२४ | १४५.०० | ४१०.०० | ०.३ | ०.६ | १.६ |
| मुस्ताङ | १,०६०.९२ | ११०.०० | १,४९०.०५ | ०.३ | ०.५ | ५.८ |
| म्याग्दी | १९,६७४.७० | १,१३०.०० | १,२८८.०० | ४.९ | ५.० | ५.० |
| कास्की | ५५,६५६.७० | ५,३६६.०० | ३,२०२.०० | १३.८ | २३.९ | १२.४ |
| लमजुङ | ४६,४९८.३१ | ३,४५५.०० | ३,२७९.०० | ११.५ | १५.४ | १२.७ |
| तनहुँ | ४६,१३१.१३ | ४,३२०.०० | ४,२०४.०० | ११.४ | १९.२ | १६.३ |
| नवलपरासी (पूर्व) | ३७,००४.२७ | १,६५३.०० | १,९९९.५० | ९.२ | ७.४ | ७.८ |
| स्याङ्जा | ६५,०२२.९१ | २,६६९.४० | ३,८१०.०० | १६.१ | ११.९ | १४.८ |
| पर्वत | ३३,३७५.३६ | ८७०.०० | १,५३५.०० | ८.३ | ३.९ | ६.० |
| बाग्लुङ | ४६,८९०.२४ | १,०००.०० | २,१६४.०० | ११.६ | ४.४ | ८.४ |
| **जम्मा** | ४०४,१५९.९० | २२,४८८.४० | २५,७४१.५५ | १००.०० | १००.० | १००.० |

*स्रोत: कृषि विकास निर्देशनालय, अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु र कृषि तथा पशुपन्छि विकास मन्त्रालय।*

**जिल्लागत विवरण**: कृषि कार्यमा उपयोग भएको भूभागको जिल्लागत विश्लेषण गर्दा गण्डकी प्रदेशको ११ जिल्लाहरुमध्ये ६ जिल्लाहरुको प्रमुख खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ७७ प्रतिशत रहेको छ । हिमाली जिल्ला मनाङ र मुस्ताङमा यस्तो भूभाग अन्य जिल्लाहरुको तुलनामा नगन्य रहेको छ ।

तरकारी तथा बागवानी खेती भएको कुल क्षेत्रफल मध्ये करिव ५७ प्रतिशत कास्की, लमजुङ तनहुँ र स्याङजा जिल्लामा मात्रै रहेको छ भने फलफुल तथा मसला खेतीमा पनि सोही जिल्लाहरुको बाहुल्यता रहेको देखिन्छ (तालिका ३.१)।




*स्रोतः कृषि विकास निर्देशनालय, अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु र कृषि तथा पशुपन्छि विकास मन्त्रालय।*

## ३.३ कृषि उत्पादन

आर्थिक वर्ष २०७८/७९ को प्रथम अर्धवार्षिक अवधिमा प्रमुख कृषि बालीहरुको उत्पादनमा १.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो उत्पादन १.८ प्रतिशतले बढेको थियो । यस आर्थिक वषको पहिलो त्रयमासको अन्त्यतिर परेको बेमौषमी वर्षाका कारण विभिन्न कृषि उत्पादनमा क्षति पुगेकाले कृषि उपजले ढाकेको क्षेत्रफल ३.८ प्रतिशतले वृद्धि भएतापनि कृषि उत्पादनमा १.९ प्रतिशतले मात्र वृद्धि भएको देखिन्छ ।

### (क) खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा २.८ प्रतिशतले वृद्धि भएको छ । यस अवधिमा प्रमुख बालीहरु फापर, मकै, धान र कोदोको उत्पादनमा वृद्धि भएको छ । उक्त वालीहरुको उत्पादनमा क्रमशः ८.५ प्रतिशत, ५.१ प्रतिशत, २.३ प्रतिशत र २ प्रतिशतले वृद्धि भएको छ । अर्कोतर्फ, भटमास र दलहनको उत्पादन भने क्रमशः ७.५ प्रतिशत र २.७ प्रतिशतले घटेको छ ।

गण्डकी प्रदेशमा खाद्य तथा अन्य बालीको कुल उत्पादन मध्ये मकैको अंश ३७.१ प्रतिशत, धानको अंश ३२.५ प्रतिशत र आलु उत्पादनको अंश १७.७ प्रतिशत रहेको छ ।

### (ख) तरकारी तथा बागवानी

गत वर्षको पहिलो छ महिनामा तरकारी तथा वागवानीको उत्पादन ८.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा यस्तो उत्पादन १.१ प्रतिशतले मात्र वृद्धि भएको छ । समीक्षा अवधिमा तरकारी खेती गरिएको क्षेत्रफलमा ४.६ प्रतिशतले ह्रास आएका कारण यसको उत्पादनको वृद्धिदरमा समेत कमी आएको हो ।

### (ग) फलफूल तथा मसलाजन्य बाली

आर्थिक वर्ष २०७८/७९ को पहिलो अर्धवार्षिक अवधिमा फलफूल तथा मसलाजन्य बालीको उत्पादनमा २.५ प्रतिशतले ह्रास आएको छ । यसमध्ये सुन्तला, आँप र अन्य

फलफूलको उत्पादन क्रमशः ९.७ प्रतिशत, २.१ प्रतिशत र ६.१ प्रतिशतले कमी आएको छ । यस वर्षको असोज अन्त्यमा परेको बेमौसमी वर्षाका कारण सुन्तला, आँप लगायतका फलफूलमा क्षति पुगेका कारण फलफूलजन्य उत्पादनमा कमी आएको देखिन्छ ।

समीक्षा अवधिमा केरा र स्याउको उत्पादन भने क्रमशः ५.८ प्रतिशत र ५.७ प्रतिशतले वृद्धि भएको छ । मनाङ र मुस्ताङमा यातायात सुविधा सहज हुँदै गएको र उक्त क्षेत्रको स्याउको माग समेत बढेका कारण व्यवसायिक स्याउ खेतीतर्फ कृषकहरुको आकर्षण बढ्दै गएको छ । म्याग्दीमा केरा खेतीको नयाँ पकेट क्षेत्र स्थापना भएकोले स्याउ र केराको उत्पादनमा वृद्धि भएको छ ।


**तालिका : ३.२ कृषि बालीको उत्पादन (जिल्लागत)**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| गोर्खा | १४२,२३०.९ | २२,२०७.० | २०,८०४.० | ११.४ | ७.९ | ११.५ |
| मनाङ | ९,०८९.७ | १,८१२.० | ३,८८२.० | ०.७ | ०.६ | २.१ |
| मुस्ताङ | १०,२२३.५ | १,३७१.५ | ५,८३३.२ | ०.८ | ०.५ | ३.२ |
| म्याग्दी | ८१,३०८.४ | १३,४३५.० | ८,३७४.० | ६.५ | ४.८ | ४.६ |
| कास्की | १३२,०५०.८ | ७५,३२६.० | २०,४४८.० | १०.६ | २६.७ | ११.३ |
| लमजुङ | १२८,९३६.३ | ३५,०७७.० | १६,५८०.० | १०.३ | १२.४ | ९.२ |
| तनहुँ | १४२,०६९.६ | ४३,४४५.० | २७,१५८.५ | ११.४ | १५.४ | १५.० |
| नवलपरासी (पूर्व) | १७१,००७.० | २२,०४६.५ | २५,३१६.५ | १३.७ | ७.८ | १४.० |
| स्याङ्जा | १९६,५९८.३ | ३८,६८६.० | ३६,३५३.० | १५.७ | १३.७ | २०.१ |
| पर्वत | ८७,४०३.० | ११,२९३.० | ५,४४३.० | ७.० | ४.० | ३.० |
| बाग्लुङ | १५०,३०३.१ | १७,५००.० | १०,७८३.० | १२.० | ६.२ | ६.० |
| **जम्मा** | १,२५१,२२०.५ | २८२,१९९.० | १८०,९७५.२ | १००.० | १००.० | १००.० |

*स्रोतः कृषि विकास निर्देशनालय, अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु र कृषि तथा पशुपन्छि विकास मन्त्रालय।*

**जिल्लागत स्थिति** : गण्डकी प्रदेशमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमध्ये गोरखा, तनहुँ, नवलपरासी पूर्व र स्याङजा गरी चार जिल्लाको हिस्सा ५० प्रतिशतभन्दा बढी रहेको छ । त्यस्तै, तरकारी तथा बागवानी तर्फ कास्की, लमजुङ, तनहुँ र स्याङजा गरी चार जिल्लाको योगदान ६८ प्रतिशत रहेको छ ।

फलफूल तथा मसलाबाली तर्फ पनि बढी उत्पादन भएका जिल्लाहरुमा स्याङजा, तनहुँ र नवलपरासी पूर्व रहेका छन् । यस प्रदेशको फलफूल तथा मसलाबालीको कुल उत्पादनको आधा हिस्सा यी तीन जिल्लाले ओगटेको छ (तालिका ३.२) ।




*स्रोत: कृषि विकास निर्देशनालय, अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु र कृषि तथा पशुपन्छी विकास मन्त्रालय।*

## ३.४ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

### (क) प्रमुख पशुपन्छी तथा माछा

आर्थिक वर्ष २०७८/७९ को प्रथम अर्धवार्षिक अवधिमा दूध, मासु र अण्डाको उत्पादन क्रमशः ०.३ प्रतिशत, ०.४ प्रतिशत र १५.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष सोही अवधिमा दूध र मासुको उत्पादन क्रमशः २.८ प्रतिशत र ६.४ प्रतिशतले वृद्धि भएको थियो भने अण्डाको उत्पादन ६.१ प्रतिशतले घटेको थियो । बजारमा अण्डाको बढ्दो मागका कारण नयाँ फार्महरुको स्थापना हुनु र उन्नत जातका कुखुरा पालन गर्ने प्रवृत्तिका कारण अण्डाको उत्पादनमा वृद्धि भएको हो ।

समीक्षा अवधिमा माछाको उत्पादनमा १.४ प्रतिशतले वृद्धि भएको छ । पछिल्लो समय कास्कीमा माछाको मागमा उच्च वृद्धि भएका कारण यसतर्फ व्यवसायीहरु आकर्षित भएको देखिएको छ ।

**जिल्लागत स्थिति** : दूध उत्पादनमा गोरखा, कास्की, नवलपरासी (पूर्व) र तनहुँ जिल्लाको हिस्सा ७३ प्रतिशत रहेको छ भने मासु उत्पादनमा उक्त जिल्लाहरुको योगदान ८० प्रतिशत रहेको छ । त्यस्तै यस अवधिमा गण्डकी प्रदेशको कुल अण्डा उत्पादनको करिब ६० प्रतिशत स्याङजा र कास्की जिल्लामा मात्रै उत्पादन भएको छ । स्याङ्जा जिल्लामा रहेको खिलुङ कालिका एग्रो प्रा.लि.मा बढी अण्डा उत्पादन हुने भएकाले उक्त जिल्लामा अण्डा उत्पादन तुलनात्मक रुपमा उच्च देखिएको हो (तालिका ३.३) ।

भौगोलिक बिकटता र अवस्थितिका कारण मनाङ र मुस्ताङ जिल्लामा पशुपन्छीको उत्पादन नगन्य रहेको छ ।

**तालिका : ३.३ प्रमुख पशुपन्छीजन्य उत्पादन (जिल्लागत)**

| जिल्ला | उत्पादन | | | | हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दुध हजार लिटर | मासु मेट्रिक टन | अण्डा हजार गोटा | माछापालन मेट्रिक टन | दुध | मासु | अण्डा | माछापालन |
| गोर्खा | ४०,९३८.० | ८,९५९.० | ८,५७६.७ | ९५७.० | १९.० | २३.६ | ८.८ | ७.८ |
| मनाङ | १२६.० | १९.१ | ८.४ | – | ०.१ | ०.१ | ०.०१ | – |
| मुस्ताङ | ३९०.० | १४१.६ | १२७.५ | – | ०.२ | ०.४ | ०.१ | – |
| म्याग्दी | १,५८९.० | ५८३.५ | १,४१४.४ | १३.८ | ०.७ | १.५ | १.५ | ०.१ |
| कास्की | ३४,२०४.० | ४,७६७.० | १६,३५६.० | ९,५२६.० | १५.९ | १२.५ | १६.८ | ७७.३ |
| लमजुङ | ८,६५०.० | १,८४३.० | ४,०१४.० | २४.० | ४.० | ४.८ | ४.१ | ०.२ |
| तनहुँ | ४१,०२५.४ | ८,३७३.४ | ८,३८४.० | ८७८.० | १९.१ | २२.० | ८.६ | ७.१ |
| नवलपरासी (पूर्व) | ४१,३४८.७ | ८,३९३.१ | ८,२२०.६ | ८८६.६ | १९.२ | २२.१ | ८.४ | ७.२ |
| स्याङ्जा | २६,६११.५ | २,५३८.२ | ४०,७४४.५ | ३१.३ | १२.४ | ६.७ | ४१.८ | ०.३ |
| पर्वत | ६,५४९.८ | १,१४२.९ | ३,८४८.४ | ६.१ | ३.० | ३.० | ४.० | ०.०५ |
| बाग्लुङ | १३,७३०.० | १,२४४.० | ५,७३०.० | ८.५ | ६.४ | ३.३ | ५.९ | ०.१ |
| **जम्मा** | २१५,१६२.५ | ३८,००४.७ | ९७,४२४.४ | १२,३३१.३ | १००.० | १००.० | १००.० | १००.० |

*स्रोत : पशुपन्छी तथा मत्स्य निर्देशनालय, गण्डकी प्रदेश ।*

### (ख) वनजन्य उत्पादन


आर्थिक वर्ष २०७८/७९ को प्रथम अर्धवार्षिक अवधिमा यस प्रदेशको वनजन्य उत्पादनमा उल्लेख्य वृद्धि भएको छ । समीक्षा अवधिमा काठको उत्पादन ३८.६ प्रतिशत, दाउराको उत्पादन १४९.५ प्रतिशत र औषधिजन्य बस्तुको उत्पादन ८७.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोहि अवधिमा काठ तथा दाउरा र औषधिजन्य वस्तुको उत्पादन क्रमशः ५४.८ प्रतिशत, ७१.१ प्रतिशत र ६६ प्रतिशतले घटेको थियो ।

कोभिड-१९ को संक्रमण न्यूनहुदै गएकोले वनजन्य वस्तुको संकलन बढेको छ । छिमेकी मुलुक चिन र भारतमा जडिबुटीबाट उत्पादित वस्तुहरुको माग बढेको कारणले गर्दा पनि समीक्षा अवधिमा वनजन्य वस्तुको उत्पादन वृद्धि भएको हो ।

## ३.५ सिँचाई

आर्थिक वर्ष २०७८/७९ को प्रथम अर्धवार्षिक अवधिमा गण्डकी प्रदेशको कुल सिञ्चित क्षेत्रफलमा १.२ प्रतिशतले वृद्धि भई १ लाख ४५ हजार ६६४ हेक्टर पुगेको छ । जसमध्ये नहरबाट सिञ्चित क्षेत्रफलमा २.२ प्रतिशत र पोखरीबाट सिञ्चित क्षेत्रफलमा १६.१ प्रतिशतले वृद्धि भएको छ भने कुलोबाट सिञ्चित क्षेत्रफलमा १.१ प्रतिशतले ह्रास आएको छ । उपरोक्त वृद्धिसँगै समिक्षा अवधिमा यस प्रदेशको कुल खेतीयोग्य जमिनको ३२.१ प्रतिशत र कुल खेती गरिएको जमिनको ४० प्रतिशत भू-भागमा सिँचाई सुविधा पुगेको छ ।

**चार्ट ३.३ : सिँचाई क्षेत्रमा भएको विस्तार (लाख हेक्टरमा)**




*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गण्डकी प्रदेश ।*

## ३.६ कृषि कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कृषि कर्जा २०७८ असार मसान्तको तुलनामा १२ प्रतिशतले वृद्धि भई रु.२९ अर्ब ५५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा २८.९ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशको कुल कृषि कर्जाको ५० प्रतिशत भन्दा बढी रकम कास्की र नवलपरासी (पूर्व) जिल्लामा मात्रै सिमित भएको देखिन्छ (तालिका ३.४) ।

**तालिका ३.४ जिल्लागत कृषि कर्जा**

| जिल्ला | कृषि कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| गोर्खा | १,४३६ | ४.९ |
| मनाङ | ११६ | ०.४ |
| मुस्ताङ | २९७ | १.० |
| म्याग्दी | ६४३ | २.२ |
| कास्की | ११,४४६ | ३८.७ |
| लमजुङ | १,५२७ | ५.२ |
| तनहुँ | ४,१३६ | १४.० |
| नवलपरासी (पूर्व) | ५,०१८ | १७.० |
| स्याङ्जा | २,७२४ | ९.२ |
| पर्वत | १,१२४ | ३.८ |
| बाग्लुङ | १,०८१ | ३.७ |
| **जम्मा** | २९,५४७ | १००.० |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ३.७ क्षेत्रगत कृषि कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा कृषि र वन सम्बन्धी शीर्षकमा रु.२९ अर्ब २८ करोड र मत्स्यपालन व्यवसायमा रु.२६ करोड कर्जा लगानी गरेका छन् । उक्त लगानी गत असार मसान्तको तुलनामा क्रमशः करिब १२ प्रतिशत र करिब ११ प्रतिशतले बढी हो । कुल कर्जा लगानीमा कृषि क्षेत्रतर्फ प्रवाहित कर्जाको हिस्सा ८.४ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो हिस्सा ७.८ प्रतिशत रहेको थियो ।

**तालिका ३.५ क्षेत्रगत कृषि कर्जा**

| विवरण | कृषि कर्जा (रु. दश लाखमा) | क्षेत्रगत कृषि कर्जा (प्रतिशतमा) |
|---|---|---|
| कृषि र वन सम्बन्धी | २९२८४.२ | ९९.१ |
| माछापालन सम्बन्धी | २६२.५ | ०.९ |
| कुल कृषि कर्जा | २९५४६.७ | १००.० |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ३.८ कृषि क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु

### कृषि क्षेत्रका समस्या तथा चुनौतीहरु

- गण्डकी प्रदेशको कुल खेतीयोग्य जमीनको ३२ प्रतिशत भू-भागमा मात्र सिँचाइ सुविधा पुगेकोले पर्याप्त सिँचाई सुविधाको सुनिश्चितता गर्दै कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्नुपर्ने चुनौती रहेको छ ।
- यस प्रदेशका स्याङ्जा, बाग्लुङ, पर्वत, गोरखा आदि जिल्लाहरुमा बाँदरले बाली नष्ट गर्ने तथा क्षति पुर्‍याउने गरेकाले जग्गा जमिन बाँझो राख्ने प्रवृत्ति समस्याको रुपमा रहेको छ ।
- गण्डकी प्रदेशका स्याङजा, पर्वत लगायत अधिकांश जिल्लामा खेतीयोग्य जमिन बाँझो राख्ने प्रवृत्ति बढेको पाइएकोले त्यस्ता जग्गा उपयोगमा ल्याई कृषि उत्पादन बढाउन चुनौती रहेको छ । यसको लागि जग्गा/जमिन भाडामा लिई कृषि व्यवसाय गर्न प्रोत्साहित गर्न भूमी बैंकको अवधारणा लागु गर्नु आवश्यक देखिएको छ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत गण्डकी प्रदेशको स्याङजा, पर्वत, गोरखा लगायतका जिल्लामा सञ्चालनमा रहेका कृषि पकेट, ब्लक, जोन र सुपर जोन कार्यक्रमहरुबाट खर्चको तुलनामा अपेक्षित प्रतिफल प्राप्त गर्न चुनौती रहेको छ ।
- यस प्रदेशमा उत्पादनको सम्भावना राम्रो भएको स्याऊ, सुन्तला, कफी लगायतका कृषि उत्पादनमा न्यूनतम आधार मूल्य कायम गरी विचौलियाहरुको उपस्थिति कम गर्नु र कृषकलाई उचित प्रतिफल पाउने व्यवस्था सुनिश्चित गर्नु आवश्यक छ ।
- खेतीयोग्य, समथर र उर्वर भूमि घडेरी तथा आवासीय प्रयोजनका लागि खण्डीकृत गर्ने प्रवृत्ति बढ्दै गएकोले खेतीयोग्य उर्वर जमिन जोगाउन पनि चुनौती रहेको छ ।

- कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गरी यस क्षेत्रलाई व्यवसायिकरण गर्न विद्यमान अनुदान व्यवस्थालाई पुनरावलोकन गरी उत्पादन तथा प्रतिफलमा आधारित अनुदान प्रणाली लागु गर्नु आवश्यक देखिएको छ ।
- आत्मनिर्भर हुन सक्ने कृषि उत्पादनको पहिचान गरी त्यस्ता उत्पादनलाई बढी प्राथमिकतामा राखी सरकारले तोके बमोजिमको सहुलियतपूर्ण ऋण, अनुदान र आवश्यकता अनुसारका तालिमहरु तोकिएको वर्गमा पुर्‍याउन चुनौती रहेको छ ।
- कृषि-बीमा कार्यमा मूल्याङ्कन तथा क्षतिपूर्ति यकिन गर्ने प्रक्रिया लामो तथा झन्झटिलो रहँदै आएको स्थितिमा कृषकहरुलाई अपेक्षित रुपमा बीमाप्रति आकर्षित गर्न चुनौती रहेको छ ।
- जलवायु परिवर्तनका कारण कृषि प्रणालीमा आउनसक्ने समस्या बाढी, पहिरो, असिना, हावाहुरी जस्ता प्राकृतिक प्रकोपले वर्षेनी कृषि तथा पशुपन्छी तर्फ पर्नजाने ठूलो क्षति न्यूनीकरण गर्न चुनौती रहेको छ ।
- बालीनालीमा देखिने नयाँ किसिमका रोग कीरा तथा पशुपन्छीमा लाग्ने जुनोटिक, लम्पी स्किन डिजिज एवम् महामारीजन्य रोगहरुको प्रकोप न्यूनीकरण गर्न चुनौती रहेको छ ।
- संघीय, प्रादेशिक तथा स्थानीय तहका कार्यालयहरुबीच समन्वयको कमी भएको हुँदा कृषि अनुदान, सहुलियत र तालिम जस्ता कार्यक्रमहरु दोहोरिने, अनुगमन मूल्याङ्कनमा सहजता नहुने, एउटै उद्यमी कृषक वा एकै वर्ग वा समुदायले सम्पूर्ण सुविधा उपभोग गर्ने, पाएको सुविधा दुरुपयोग गर्ने जस्ता समस्या रहेको छ ।
- कृषि तथा पशुसंग सम्बन्धित तथ्याङ्क संकलन गर्ने निकायको रुपमा रहेका कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लगायतलाई आवश्यक श्रोत र साधनको व्यवस्था गरी एकद्वार प्रणाली मार्फत तथ्याङ्क संकलन गर्न चुनौती रहेको छ ।

**सम्भावनाहरु**

- जग्गा/जमिन भाडामा लिई कृषि र उद्योग व्यवसाय गर्न प्रोत्साहन गर्न भूमी बैंकको अवधारणा शिघ्र कार्यान्वयन भएमा यस क्षेत्रको स्याङजा, गोरखा, पर्वत लगायतका जिल्लामा रहेका बाँझो जमिन उपयोगमा आई समग्र प्रदेशको कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ ।
- गण्डकी प्रदेशमा उत्पादनको सम्भावना राम्रो भएको स्याऊ, सुन्तला, कफि जस्ता कृषि उत्पादनमा न्यूनतम आधार मूल्य कायम गर्ने साथै आवश्यकता अनुसार कलेक्सन सेन्टर तथा कृषि बजार स्थापना भएमा उत्पादित बस्तुले उचित मूल्य तथा राम्रो बजार पाउने सम्भावना रहेको छ ।
- परियोजना धितोको आधारमा कृषि ऋण प्रोत्साहित गर्न लिज कानून तर्जुमा गरी कार्यान्वयन गरिएमा यस क्षेत्रको कृषि कर्जा तथा कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ ।

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत गण्डकी प्रदेशको स्याङजा, पर्वत, गोरखा लगायतका जिल्लामा सञ्चालनमा रहेका कृषि पकेट, व्लक, जोन र सुपर जोन कार्यक्रमहरुबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकेमा धेरै भन्दा धेरै कृषकहरुलाई यस्तो परियोजनामा समावेश गराई कृषि उत्पादन बढाउन सकिने सम्भावना रहेको छ ।
- कृषि तथा पशुसंग सम्बन्धित तथ्याङ्क संकलन गर्ने निकायको रुपमा रहेका कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लगायतलाई आवश्यक श्रोत र साधनको व्यवस्था गरी एकद्धार प्रणाली मार्फत तथ्याङ्क संकलन गर्न सकिएमा वास्तविक तथ्याङ्क प्राप्त भई यस प्रदेशको कृषि क्षेत्रको नीति निर्माणमा थप टेवा पुग्ने सम्भावना रहेको छ ।
- गण्डकी प्रदेशमा विभिन्न कृषि उत्पादनको सम्भावना भएका चेपेटार, हाँडीटार, राइनसटार तथा अन्य टारहरुमा लिफ्ट सिंचाई मार्फत सिंचाइको पहुँच पुर्‌याउन सकिएमा कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ ।
- मनाङ र मुस्ताङ जिल्लामा व्यवसायिक स्याउ खेती तथा अन्य पहाडी जिल्लाहरु कास्की, स्याङ्जा, गोरखा, बाग्लुङ र पर्वतमा व्यवसायिक सुन्तला खेतीको उच्च सम्भावना रहेको छ ।
- उच्च पहाडी क्षेत्रहरुमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ । यस्ता क्षेत्रमा पशुपालन व्यवसाय प्रवर्द्धन भएमा ऊन, दूध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने देखिन्छ । अन्य पहाडी जिल्लाहरुमा व्यवसायिक बाख्रापालन, गाई/भैंसीपालनको सम्भावना रहेको छ ।
- यस प्रदेश अन्तर्गत मनाङ र मुस्ताङ बाहेकका पहाडी क्षेत्रको भू-बनोट सुगम प्रकृतिको भएको तथा सिँचाई सुविधा पुऱ्याउन सकिने समथर (वेंशी) जमिनहरु प्रशस्त मात्रामा रहेकाले व्यवसायिक तरकारी खेती तथा खाद्यान्न बालीको उत्पादन प्रवर्द्धन गर्न सकेमा व्यवसायिक कृषिको उच्च सम्भावना रहेको छ ।
- गोर्खाको उत्तरी भाग, मनाङ र मुस्ताङका हिमाली क्षेत्रहरुमा पाइने यार्सागुम्बाको व्यवसायीकरण गर्न तथा बजार पहुँच सुनिश्चित गर्न समुदाय, सहकारी र स्थानीय तहको समन्वयात्मक कार्यक्रम ल्याउन सकिएमा यार्सागुम्बाको व्यवसायीकरण गर्न सकिने सम्भावना रहेको छ ।
- प्रदेशको पहाडी र उच्च हिमाली क्षेत्रमा जडिबुटीहरुको व्यवसायिक खेती गर्न सकिने सम्भावना रहेको छ ।
- होटल व्यवसायीहरुलाई स्थानीय कृषि उत्पादन खपत गर्न थप प्रोत्साहन गर्न सकिए कृषि र पर्यटन सेवाबीचको अन्तर आबद्धता बढी दुवै क्षेत्रको विस्तारमा सहयोग पुग्ने सम्भावना रहेको छ ।
- प्रदेशमा रहेका तालतलैया तथा नदीनालाहरुबाट कुलो/नहरमा आधारित आधुनिक सिँचाई सुविधा उपलव्ध गराउन सकिने पर्याप्त सम्भावना रहेको छ ।

# परिच्छेद ४

## उद्योग क्षेत्र

### ४.१ परिचय


आर्थिक वर्ष २०७८/७९ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा १८.४ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । गत वर्ष यस्तो हिस्सा १७.७ प्रतिशत रहेको थियो । यस प्रदेशमा साना र मझौला उद्योगहरुको वाहुल्यता रहेको छ । गण्डकी प्रदेशमा सञ्चालीत साना र मझौला गरी १३,१८४ उद्योगमा गरी ५५,१८२ व्यक्तिले रोजगारी पाएका छन्[3] ।

यस परिच्छेदमा गण्डकी प्रदेशका प्रमुख उद्योगहरुको क्षमता उपयोग, रोजगारी, औद्योगिक कर्जा स्थिति एवम् औद्योगिक क्षेत्रका प्रमुख समस्या, चुनौती तथा सम्भावनाहरुको बारेमा विश्लेषण गरिएको छ ।

### ४.२ प्रमुख उद्योगहरुको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

(क) आर्थिक वर्ष २०७८/७९ को प्रथम ६ महिनामा यस प्रदेश अन्तर्गतका नमुना छनोटमा समेटिएका १४ उद्योगहरुको औसत क्षमता उपयोग गत वर्षको सोही अवधिको तुलनामा ४.८ प्रतिशत बिन्दुले वृद्धि भई ४२.७ प्रतिशत पुगेको छ । यस प्रदेशमा चकलेट उद्योगको क्षमता उपयोग ८१.२ प्रतिशत, विस्कुटको ७३.९ प्रतिशत, वियरको ६३.६ प्रतिशत, लिक्विड औषधिको ५७.६ प्रतिशत), क्यापसुलको ५४.१ प्रतिशत, इटाभट्टाको ५३.८ प्रतिशत र खाने तेल उद्योगको क्षमता उपयोग ५१.४ प्रतिशत रहेको छ । अन्य उद्योगहरुको औसत क्षमता उपयोग ५० प्रतिशतभन्दा कम रहेको छ ।

चार्ट ४.१: उद्योगको क्षमता उपयोगको अवस्था (प्रतिशतमा)




*स्रोत : अध्ययन क्षेत्रका उद्योगहरु ।*

---

[3] प्रथम पञ्चवर्षीय योजना, प्रदेश नीति तथा योजना आयोग, २०७७ बैशाख)

(ख) समीक्षा अवधिमा ड्राइ सिरप (६५ प्रतिशत), ट्याबलेट (४६.७ प्रतिशत), वियर (४३.६ प्रतिशत), क्यापसुल (३२.३ प्रतिशत), सिमेन्ट (२१.२ प्रतिशत) को उत्पादन उद्योगहरुको उत्पादन उल्लेख्य रुपमा बढेको छ। तोरीको तेल, ओइन्टमेन्ट र चुरोटको उत्पादन सामान्य वृद्धि भएको छ।

गत वर्षको तुलनामा यस वर्ष प्रशोधित दूध (१०.१ प्रतिशत), बिस्कुट (१.१ प्रतिशत), चकलेट (२ प्रतिशत), चाउचाउ (१७.८ प्रतिशत) र इट्टा (२.१ प्रतिशत) को उत्पादन तुलनात्मक रुपमा कम रहेको छ। बजारमा उक्त वस्तुहरुको प्रतिस्पर्धा बढी भई मागमा कमी आएका कारण उत्पादनमा कमी आएको हो।

अर्कोतर्फ, गत वर्ष कोभिड महामारीका कारण चकलेट र बिस्कुट लगायतको खाद्य बस्तुको आयातमा कमी आएकोले आन्तरिक उत्पादन प्रोत्साहित भएको थियो। यो वर्ष उक्त वस्तुहरुको आयातमा वृद्धि भएकाले स्वदेशी उद्योगको उत्पादनमा कमी आएको देखिएको छ।

**तालिका ३.६ गण्डकी प्रदेशमा रहेका उद्योगहरुको औद्योगिक उत्पादन**

| उत्पादित वस्तुको नाम | एकाई | आ.व २०७७/७८ (साउन-पुष) | आ.व २०७८/७९ (साउन-पुष) | प्रतिशत परिवर्तन | क्षमता उपयोग |
|---|---|---|---|---|---|
| तोरीको तेल | मे.टन | १३२४.० | १४८०.० | ११.८ | ६४.९ |
| प्रशोधित दूध | हजार लिटर | ३८२६.८ | ३४४०.१ | -१०.१ | १९.० |
| विस्कुट | मे.टन | ३८२६.८ | ३७८३.३ | -१.१ | ७३.९ |
| चकलेट | मे.टन | ३१०६.० | ३०४५.० | -२.० | ८१.२ |
| चाउचाउ | मे.टन | ४१९२.० | ३४४७.३ | -१७.८ | ३६.५ |
| वियर | हजार लिटर | ३४००९.५ | ४८८२८.८ | ४३.६ | ६३.६ |
| चुरोट | दस लाख खिल्ली | १५४६.० | १६२०.० | ४.८ | ४५.० |
| Tablet | हजार थान | ७३४५५.० | १०७७८५.० | ४६.७ | ४२.४ |
| Capsule | हजार थान | ११८००.० | १५६१०.० | ३२.३ | ५४.१ |
| Ointment | हजार ट्युब | ५०१.० | ५८६.० | १७.० | १५.८ |
| Dry Syrup | हजार बोतल | १२३.० | २०३.० | ६५.० | ८.९ |
| Liquid | हजार बोतल | ५२५.८ | १३९५.५ | १६५.४ | ५७.६ |
| ईंटा | दस लाख गोटा | ३.८ | ३.७ | -२.१ | ३१.६ |
| सिमेन्ट | मे.टन | २७५३८४.१ | ३३४६५०.५ | २१.५ | १७.३ |

*स्रोत : अध्ययन क्षेत्रका उद्योगहरु।*

## ४.३ औद्योगिक कर्जा

२०७८ पुष मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित औद्योगिक कर्जा २०७८ असार मसान्तको तुलनामा १७.५ प्रतिशतले घटेर रु.५० अर्ब ९२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १.१ प्रतिशतले वृद्धि भएको थियो। कुल कर्जामा औद्योगिक क्षेत्रतर्फ प्रवाहित कर्जाको हिस्सा १४.५ प्रतिशत पुगेको छ। देशको आर्थिक विकासमा औद्योगिक क्षेत्रको

विकासले प्रमुख भूमिका खेल्ने भएकोले यो क्षेत्रलाई प्रोत्साहन गर्न नेपाल सरकार र नेपाल राष्ट्र बैंकले महत्वपूर्ण भूमिका खेल्नुपर्ने देखिन्छ ।

## ४.४ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

२०७८ पुष मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट औद्योगिक कर्जा शीर्षकमा प्रवाहित कर्जा मध्ये सबैभन्दा बढी निर्माण उपशीर्षकमा रु.२८ अर्ब (५४.९ प्रतिशत), गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उपशीर्षकमा रु.१० अर्ब ४६ करोड (२०.५ प्रतिशत), कृषि वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उपशीर्षकमा रु.८ अर्ब २४ करोड (१६.२ प्रतिशत), धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उत्पादन सम्बन्धी उपर्शीषकमा रु. ३ अर्ब १४ करोड (६.२ प्रतिशत), विद्युत, ग्यास तथा पानी उत्पादन सम्बन्धी उपशीर्षकमा रु. ७१ करोड (१.४ प्रतिशत) र खानी सम्बन्धी उत्पादन सम्बन्धी उपशीर्षकमा रु.३५ करोड (०.७ प्रतिशत) कर्जा लगानी रहेको छ ।

**तालिका ४.१ क्षेत्रगत औद्योगिक कर्जा**

| विवरण | औद्योगिक कर्जा | क्षेत्रगत औद्योगिक कर्जा (प्रतिशतमा) |
|---|---|---|
| खानी सम्बन्धी | ३५७.० | ०.७ |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ८२४७.२ | १६.२ |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | १०४६१.८ | २०.५ |
| निर्माण | २८००२.७ | ५५.० |
| विद्युत, ग्यास तथा पानी | ७१४.७ | १.४ |
| धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक | ३१४२.१ | ६.२ |
| कुल औद्योगिक कर्जा | ५०९२५.४ | १००.० |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ४.५ औद्योगिक क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु

### समस्या तथा चुनौतीहरु

- अधिकांश उद्योगहरुको उत्पादन क्षमता न्यून देखिएकोले त्यस्ता उद्योगहरुलाई पूर्ण क्षमतामा सञ्चालन गर्न आवश्यक विद्युत, कच्चा पदार्थको उपलब्धता, स्वदेशी उत्पादनको लागि उचित बजार लगायत अन्य भौतिक पूर्वाधार उपलब्ध गराउनु पर्ने चुनौती छ ।
- अर्ध-दक्ष तथा दक्ष जनशक्ति वैदेशिक रोजगारीतर्फ आकर्षित हुँदा स्वदेशी उद्योगहरुमा दक्ष श्रमशक्तिको अभाव रहेको छ ।
- उत्पादित वस्तुहरुको लागत बढी तथा गुणस्तरमा कमी हुनाले अन्तर्राष्ट्रिय उत्पादनसँग प्रतिस्पर्धा गर्न कठिन भइरहेकोले स्वदेशी उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नुपर्ने चुनौती छ ।
- घर-जग्गाको निरन्तर मूल्य वृद्धि र अव्यवस्थित सहरीकरण एवम् जग्गा उपयोगको कारण लागतको दृष्टिकोणले नयाँ उद्योग स्थापना चुनौतिपूर्ण हुदै गएको छ ।
- उद्योग स्थापना, नवीकरण लगायत कर/दस्तुर आदि बुझाउँदा प्रक्रियागत जटिलताहरु रहेका छन् । समय तथा लागत कम गर्न एकल बिन्दु सेवाको कार्यान्वयन, प्रविधिको उपयोग, विद्युत्तीय सेवा र विद्युत्तीय भुक्तानी कारोबारको अधिकतम् प्रवर्द्धन गर्नुपर्ने चुनौती रहेको छ ।
- औद्योगिक क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्न चुनौती रहेको छ ।
- पर्याप्त उर्जा आपूर्ति एवम् भरपर्दो सडक यातायातको सुविधा उपलव्ध गराउनुपर्ने चुनौती रहेको छ ।
- औद्योगिक क्षेत्रको विकासको लागि पुंजीको अभाव तथा अत्यावश्यक कच्चा पदार्थको आपूर्ति सहज गर्ने कार्य चुनौतिपूर्ण छ ।

**बक्स १: होङ्सी शिवम्  सिमेन्ट प्रा.लि.**
**Honshi Shivam Cement Private Limited**

नेपालको गण्डकी प्रदेश अन्तरगत नवलपरासी (पूर्व) को विनयत्रिवेणी गाउँपालिकामा चीनको होङ्सी ग्रुपको ७० प्रतिशत र नेपालको शिवम् सिमेन्टको ३० प्रतिशत स्वामित्व गरी रु.३६ अर्ब लगानीमा स्थापित यो सिमेण्ट कारखाना नेपालकै सबैभन्दा ठुलो, अत्याधुनिक प्रविधिको उपयोग र वातावरणमैत्री सिमेण्ट कारखानाको रुपमा परिचित छ । यस कारखानाको दैनिक उत्पादन क्षमता ६,००० मेट्रिक टन क्लीङकर र १०,००० मेट्रिक टन सिमेन्ट रहेको छ । कारखानाको सिमेण्ट उत्पादन क्षमता भने ७० प्रतिशतमात्र उपयोग भएको छ । उत्पादित क्लीङकरको ५० प्रतिशत सोही कारखानामा सिमेण्ट बनाउन प्रयोग हुने गरेको छ भने बाँकी क्लीङकर अन्य सिमेन्ट कारखानाहरुमा आपूर्ति हुने गरेको छ ।  होङ्सी शिवम्  सिमेन्ट प्रा.लि.ले २०७८ फागुनमा ४३० स्वदेशी र ९३ विदेशी गरी ५२३ व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिएको छ । यसको अतिरिक्त कम्पनीले करिब ७०० ट्रिपर लगायतका ढुवानी सेवा मार्फत करिब ३००० व्यक्तिलाई स्वरोजगारी दिएको छ ।

**सम्भावनाहरु**

- गण्डकी प्रदेशमा एकातर्फ उर्वर भूमी रहेको र अर्कोतर्फ पर्यटन विकासको पनि उत्तिकै सम्भावना रहेको सन्दर्भमा कृषि उत्पादन अभिवृद्धि गर्दै कृषि प्रशोधन उद्योगहरु सञ्चालन मार्फत पर्यटन र कृषि व्यवसायमा अग्र र पृष्ठ सम्बन्ध स्थापना गरी उत्पादन, आय र रोजगारी वृद्धि गर्न सकिने प्रवल सम्भावना रहेको छ ।
- गण्डकी प्रदेशमा विस्कुट, चाउचाउ जस्ता खाद्यवस्तुहरुको उद्योगको संख्या र उत्पादन बढी रहेको सन्दर्भमा त्यस्ता वस्तुहरुको आयातमा कडाई गरी उत्पादनलाई थप प्रोत्साहन गर्न सकिएमा उक्त वस्तुहरुमा आत्मनिर्भर हुन सकिने सम्भावना रहेको छ ।
- नवलपरासी स्थित धौबादी फलाम खानीको उत्खनन कार्य प्रारम्भ गर्न सकिएमा फलामको उत्पादन वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
- आधारभूत औद्योगिक उत्पादनमा आत्मनिर्भर बन्दै कृषि क्षेत्र तथा स्थानीय स्रोत, साधन तथा सीपमा आधारित औद्योगिक उत्पादनमा जोड दिई औद्योगिक उपजको निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्न सक्ने सम्भावना रहेको छ ।
- स्वदेशी उत्पादनको प्रयोगलाई प्राथमिकतामा राख्ने तथा सरकारी एवम् गैह्र सरकारी निकायमा हुने आवश्यक सामग्रीको प्रयोगमा स्वदेश मै उत्पादित सामग्रीलाई बढावा दिन सके स्वदेशी उत्पादन थप अभिवृद्धि हुने सम्भावना रहेको छ ।
- प्रदेशभित्र विभिन्न जिल्लामा युरेनियम, टुर्मालिन, चुनढुङ्गा, फलाम, टाल्क, रातोमाटो लगायतका खनिजजन्य वस्तुको सम्भावना रहेको[4] छ ।
- यस प्रदेशमा मुख्यतः देहाय बमोजिमका उद्योगहरु स्थापना तथा विस्तारको सम्भावना रहेको छ ।
  - कृषि तथा पशुजन्य उत्पादनमा आधारित उद्योगहरु एवम् श्रममा आधारित उद्योगहरु,
  - स्याउ, सुन्तला र कफी भण्डारण, प्रशोधन तथा निकासी गर्ने उद्योगहरु,
  - परम्परागत हस्तकला/मूर्तिकला तथा क्युरियोका सामान उत्पादन गर्ने उद्योगहरु,
  - वनजन्य कच्चा पदार्थ प्रयोग गरी प्रशोधनमा आधारित उद्योग धन्दाहरु,
  - ढुङ्गा, गिटी, बालुवा लगायतका खनिज तथा उत्खनन् सम्बन्धी उद्योगहरु,
  - फलाम खानी उत्खनन् तथा प्रशोधन उद्योग ।

[4] प्रथम पञ्चवर्षीय योजना, प्रदेश नीति तथा योजना आयोग, २०७७ बैशाख

# परिच्छेद ५

# सेवा क्षेत्र

## ५.१ परिचय

गण्डकी प्रदेशको आर्थिक विकासमा सेवा क्षेत्रको महत्वपूर्ण योगदान गरेको छ । यस प्रदेशको आर्थिक वर्ष २०७८/७९ को कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ५५.६ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । सेवा क्षेत्र अन्तर्गत पर्यटन क्षेत्रको महत्वपूर्ण भुमिका अझ महत्वपूर्ण रहेको छ । पर्यटन क्षेत्रले अप्रत्यक्ष रुपमा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा १० प्रतिशत र रोजगारीमा १५ प्रतिशत योगदान पुऱ्याएको अनुमान छ ।[5]

यस परिच्छेदमा गण्डकी प्रदेशमा पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट, वित्तीय सेवा, यातायात, शिक्षा, स्वास्थ्य लगायत समग्र सेवा क्षेत्रको स्थितिको विश्लेषण गर्नुको साथै ती क्षेत्रहरुमा देखिएका समस्या, चुनौती र सम्भावनाहरु समेटिएको छ ।

## ५.२ पर्यटन

पर्यटन सम्बन्धी तथ्याङ्क संकलनको लागि गण्डकी प्रदेशका विभिन्न जिल्लाबाट नमूनाका रुपमा दश होटलहरु छनौट गरिएको छ । जसमध्ये कास्की जिल्लाबाट पाँच (कुटी रिसोर्ट एण्ड स्पा प्रा.लि., होटल सांग्रिला भिलेज प्रा. लि., होटल पोखरा ग्राण्ड, रुपाकोट रिसोर्ट प्रा.लि. र अतिथि रिसोर्ट एण्ड स्पा प्रा.लि.) र अन्य जिल्लाबाट पाँच (बन्दीपुर माउन्टेन रिसोर्ट,

> बक्स २: सिरुबारी होम-स्टे
>
> समुन्द्री सतह देखि करिब १७०० मिटरको उचाईमा स्याङ्जा जिल्लाको पश्चिमी पहाडी क्षेत्र सिरुबारीमा गुरुङ समुदायले सञ्चालनमा ल्याएको होम-स्टे प्रचलित रहेको छ । गुरुङ्ग समुदायको वाहुल्यता रहेको सो स्थानमा गुरुङ्ग जातिको रहन-सहन र संस्कृतिको पहिचान झल्कने गरी आफु बसेको घरमा स्थानीय उत्पादनबाट निर्मित खाद्यपरिकारले स्वागत गर्ने उद्धेश्यका साथ २०५४ देखि घरबास कार्यक्रम (होम-स्टे) संञ्चालन भएको छ । यो होम स्टेमा पाहुनाहरुलाई गुरुङ समुदायको आतिथ्यता, स्वागत, परम्परागत लोकसंस्कृति एवं जीवनशैलीलाई नजिकबाट अनुभूत गर्ने अवसर प्राप्त हुने गरेको छ ।
>
> माछापुच्छ्रे, अन्नपूर्ण, धौलागिरी र मनास्लु हिमालको दृश्यावलोकन गर्न सकिने यो गाउँमा  आगन्तुक पाहुनालाई गाउँ प्रवेश स्वागतद्धारबाट बाजा बजाई गाउमा लैजाने र गाउँको वीचमा गुरुङ्ग समुदायको मन्दिर परिसरमा पाहुनालाई टिका र मालाले स्वागत गरी सगुन खुवाउने प्रचलन छ । हाल १९ घरमा प्रतिदिन ११५ व्यक्तिसम्म खान र बस्ने प्रबन्ध भएको उक्त होमस्टेमा होमस्टे सञ्चालक समितिले निर्धारण गरेको पालोको आधारमा घरहरुले पाहुना लैजान पाउने व्यवस्था रहेको छ । सामान्यतया खाना सहित प्रतिव्यक्ति प्रति रात रु. १,४०० शुल्क लाग्ने उक्त होमस्टेमा बेलुकाको खाना पश्चात समाजघरमा गुरुङ जाति लगायतको नाचगानबाट पाहुनालाई मनोरञ्जन गराउने प्रचलन छ ।  उक्त क्षेत्रको होमस्टेमा करिब ४५ व्यक्तिले प्रत्यक्ष रोजगारी पाएका छन् ।

[5] प्रथम पञ्चवर्षीय योजना प्रदेश नीति तथा योजना आयोग, २०७७ बैशाख

होटेल टेकुचे, होटेल याक एण्ड रेष्टुरेण्ट, होटेल ग्राण्ड शाम्बाला, र नन्नपुर थारु रिसोर्ट) होटलहरु छानिएको छ ।

उक्त होटलहरुबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७८/७९ को पहिलो अर्धवार्षिक अवधिमा होटलहरुको शैया संख्या वृद्धि भएको देखिएको छ । सो अनुसार अघिल्लो वर्षको पहिलो ६ महिनामा यी होटलहरुमा शैया संख्या ६३२ रहेकोमा समीक्षा अवधिमा ९.४ प्रतिशतले वृद्धि भई ६९२ पुगेको छ । समीक्षा अवधिमा होटलहरुमा रोजगारी ९.१ प्रतिशतले घटेको छ ।

**तालिका ५.१: होटलको विवरण**

| विवरण | आ.व २०७७/७८ (साउन-पुष) | आ.व २०७८/७९ (साउन-पुष) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| होटल संख्या | ९ | १० | ११.११ |
| होटलको शैया संख्या | ६३२ | ६९२ | ९.४९४ |
| प्रत्यक्ष रोजगारी संख्या | ४७१ | ४२८ | -९.१३ |

*स्रोत : अध्ययन क्षेत्रका होटलहरु ।*

## ५.३ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा यस प्रदेशमा रहेका महानगर/नगरपालिकाहरुबाट स्वीकृत घर/जग्गा रजिष्ट्रेशन संख्या १४.५ प्रतिशतले वृद्धि भई २६ हजार ७ सय १४ पुगेको छ भने नक्सा पास संख्या ९ प्रतिशतले बढेको छ । फलस्वरुप: घर जग्गा रजिष्ट्रेशन बापतको राजस्व ७७.९ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ७१ करोड ६२ लाख ६० हजार पुगेको छ ।

**तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | २०७७/७८ दोस्रो त्रयमास | २०७८/७९ दोस्रो त्रयमास | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन संख्या | २३,३२१ | २६,७१४ | १४.५ |
| घर/भवन स्थायी नक्सा पास संख्या | २,००५ | २,१८५ | ९.० |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा) | ९६४.६९ | १,७१६.२६ | ७७.९ |

*स्रोत : जिल्ला मालपोत कार्यालय तथा महानगरपालिका/नगरपालिका कार्यालय ।*

## ५.४ वित्तीय सेवा

### ५.४.१ वैकिङ्ग सेवा


(क) २०७८ पुष मसान्तमा गण्डकी प्रदेशका ११ जिल्लाहरुमा 'क' 'ख' 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरुको शाखा गत वर्षको सोही अवधिको तुलनामा ५.६ प्रतिशतले बढी १,३९५ पुगेको छ । तथापि, बैंक तथा वित्तीय संस्थाको शाखा विस्तार कास्की, तनहुँ र नवलपरासी जिल्लाहरुमा अधिकेन्द्रित देखिएको छ ।

**तालिका ५.३ : बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति**

| जिल्ला | २०७७ पुष मसान्त | प्रतिशत | २०७८ पुष मसान्त | प्रतिशत |
|---|---|---|---|---|
| गोर्खा | १०४ | ७.९ | १११ | ८.० |
| मनाङ | १४ | १.१ | १६ | १.१ |
| मुस्ताङ | २४ | १.८ | २४ | १.७ |
| म्याग्दी | ५३ | ४.० | ५४ | ३.९ |
| कास्की | ३५३ | २६.७ | ३६७ | २६.३ |
| लमजुङ | ९८ | ७.४ | १०२ | ७.३ |
| तनहुँ | १८४ | १३.९ | १९५ | १४.० |
| नवलपरासी (पूर्व) | १८३ | १३.९ | २०२ | १४.५ |
| स्याङ्जा | १२० | ९.१ | १२८ | ९.२ |
| पर्वत | ८३ | ६.३ | ८८ | ६.३ |
| बाग्लुङ | १०४ | ७.९ | १०८ | ७.७ |
| **जम्मा** | **१,३२१** | **१००** | **१,३९५** | **१००** |

*स्रोत : नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।*

(ख) २०७८ असार मसान्तको तुलनामा २०७८ पुष मसान्तमा गण्डकी प्रदेशका १३९५ शाखाहरुको निक्षेप परिचालन १.८ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ७५ अर्ब ०३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निक्षेप १२ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा कुल कर्जा लगानी ११.१ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब ५० अर्ब ७४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो लगानी ११.९ प्रतिशतले वृद्धि भएको थियो । कोरोना महामारीको समस्या क्रमशः न्यूनीकरण हुदै गएकोले उद्योग-व्यवसाय विस्तारसंगै यस प्रदेशमा कर्जाको माग बढ्दै गएको छ ।




*स्रोत: नेपाल राष्ट्र बैंक।*

(ग) २०७८ पुष मसान्तमा यस प्रदेशमा निक्षेपकर्ताहरुको कुल संख्या २०७८ असार मसान्तको तुलनामा १३.१ प्रतिशतले वृद्धि भई ४७ लाख ११ हजार ५८६ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धि ११.२ प्रतिशत रहेको थियो । सर्वसाधारणमा वित्तीय चेतनाको स्तर बढेका कारण निक्षेपकर्ताहरुको संख्यामा निरन्तर वृद्धि भएको छ ।

(घ) २०७८ पुष मसान्तमा यस प्रदेशमा इन्टरनेट बैंकिङ्गको दर्ता संख्या १.५ लाख र मोबाइल बैंकिङ दर्ता गर्नेको संख्या १८.६ लाख पुगेको छ । यसमध्ये इन्टरनेट सेवा र मोवाइल बैंकिङको सक्रिय प्रयोगकर्ताको संख्या भने क्रमशः १.१ लाख र १४.४ लाख रहेको छ ।

**तालिका ५.४ : बैंक तथा वित्तीय संस्थाका वित्तीय उपकरण प्रयोगकर्ताको विवरण**

| विवरण | २०७८ असार मसान्त | २०७८ पुस मसान्त | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| इन्टरनेट बैकिंग | ७०५४७ | १५१७०० | ११५ |
| मोवाइल बैकिंग | १६४४३५४ | १८६५७४४ | १३.४६ |
| एटिएम संख्या | ५२० | ५०५ | -२.८८ |
| निक्षेपकर्ताको संख्या | ४१६४५७८ | ४७११५८६ | १३.१३ |
| ऋणीहरुको संख्या | २३९२१६ | २५५४६६ | ६.७९ |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

(ङ) आर्थिक वर्ष २०७८/७९ को पुष मसान्तमा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट यस प्रदेश अन्तर्गतका राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल बैंक लिमिटेडका शाखा कार्यालयहरुमा सञ्चालित ९ नोटकोषहरुमा रु.७ अर्ब ८६ करोड फण्ड ट्रान्सफर भएको छ । अघिल्लो वर्ष सोही अवधिमा रु.७ अर्ब ९५ करोड फण्ड ट्रान्सफर भएको थियो ।

(च) आर्थिक वर्ष २०७८/७९ को पुष मसान्तमा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट रु. ५५ करोड ५१ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको छ । अघिल्लो वर्ष रु.४६ करोड ४८ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको थियो । समीक्षा अवधिमा कोभिड १९ को महामारी कम भएसँगै पर्यटक आगमनमा सुधार हुदै गएकोले परिवर्त्य विदेशी मुद्रा प्राप्तिमा बढोत्तरी आएको हो । कार्यालयमा प्राप्त कुल परिवर्त्य विदेशी मुद्रामध्ये अमेरिकी डलर २५.२ प्रतिशत र युरो १९.९ प्रतिशत रहेको छ । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयबाट रु. ४ करोड ७३ लाख बराबरको भारतीय मुद्रा बिक्री भएको छ ।

### ५.४.२ अन्य वित्तीय सेवा

(क) २०७८ पुष मसान्तमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयमार्फत विदेशी मुद्रा सटहीको इजाजतपत्रप्राप्त गर्ने संस्थाहरुको संख्या १२९ पुगेको छ । जसमध्ये, मनिचेन्जर ४०, होटल/रिसोर्ट ३४, ट्राभल एजेन्सी २४, ट्रेकिङ्ग एजेन्सी २६ र अन्यको संख्या ५ रहेको छ ।

(ख) नमूना छनौटमा परेका ७ जिल्लाहरुका १० बचत तथा ऋण सहकारी संस्थाहरुको कुल पुँजी २०७७ पुष मसान्तको तुलनामा २०७८ पुष मसान्तमा ६.२ प्रतिशतले वृद्धि भई रु.३ अर्ब ६६ करोड पुगेको छ । त्यसैगरी, कुल वचत ६.२ प्रतिशतले वृद्धि भई रु.९ अर्ब

७१ करोड र कुल कर्जा २६.८ प्रतिशतले वृद्धि भई रु.१० अर्ब ३७ करोड पुगेको छ । उक्त सहकारी संस्थाहरुमा २६१ व्यक्तिहरुले रोजगारी पाएका छन् ।

## ५.५ यातायात र सडक पूर्वाधार

२०७८/७९ को प्रथम अर्धवार्षिक अवधिसम्ममा गण्डकी प्रदेश अन्तर्गतका यातायात कार्यालयमा दर्ता भएका यातायात साधनको संख्या १७ हजार ३७४ रहेको छ । यसमध्ये मोटरसाईकलको संख्या १४ हजार ९३० रहेको छ भने अन्य सवारी साधनको संख्या २ हजार ४४४ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यातायात साधनको संख्या १२ हजार ४८९ रहेको थियो ।

**तालिका ५.४: गण्डकी प्रदेशमा यातायात सेवा**

| विवरण | आ.व २०७७/७८ (साउन-पुष) | आ.व २०७८/७९ (साउन-पुष) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| मोटरसाईकल | १०५९६ | १४९३० | ४०.९ |
| अन्य | १८९३ | २४४४ | २९.११ |
| कच्ची सडक (कि.मी.) | ३८०४.४ | ४१०४.६२ | ७.८९३ |
| पक्की सडक (कि.मी.) | ८१३.२३ | १००८.३९ | २४ |

*स्रोत: विभिन्न जिल्लाका यातायात व्यवस्था कार्यालय, सडक डिभिजन र भौतिक पूर्वाधार यातायात व्यवस्था तथा सहरी विकास मन्त्रालय ।*

समीक्षा अवधिमा यस प्रदेशमा कुल ५ हजार ११३ कि.मि. सडक निर्माण भएको छ । यसमध्ये पक्की सडक १ हजार ८ कि.मि. (१९.७ प्रतिशत) मात्र रहेको छ । यस अवधिमा कच्ची र पक्की सडक गरी कुल ४९५.४ कि.मि. सडक निर्माण भएको छ ।

## ५.६ सेवा क्षेत्र कर्जा

बैंक तथा वित्तीय संस्थाहरुबाट यस प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जा २०७८ असार मसान्तको तुलनामा २०७८ पुष मसान्तमा ६.९ प्रतिशतले घटेर रु. १ खर्ब ११ अर्ब ४७ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ११.२ प्रतिशतले वृद्धि भएको थियो । यस आर्थिक वर्षको पुष मसान्तसम्म गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जा प्रवाह मध्ये सेवा क्षेत्र कर्जा ३१.८ प्रतिशत रहेको छ ।

समीक्षा अवधिमा सेवा क्षेत्रमा प्रवाहित कुल कर्जामध्ये, थोक तथा खुद्रा बिक्रेता शीर्षकमा रु. ६२ अर्ब ९३ करोड (५६.५ प्रतिशत), वित्त, बीमा तथा अचल सम्पत्ति शीर्षकमा रु.१७ अर्ब १९ करोड (५.४ प्रतिशत), पर्यटन शीर्षकमा रु.२० अर्ब ४४ करोड (१८.३ प्रतिशत), यातायात, भण्डारण र संचार शीर्षकमा रु.६ अर्ब ८० करोड (६.१ प्रतिशत), अन्य सेवा शीर्षकमा रु.४ अर्ब ०९ करोड (३.७ प्रतिशत) कर्जा वक्यौता रहेको छ ।

**तालिका ५.५: क्षेत्रगत सेवा कर्जा**

| विवरण | सेवा कर्जा | क्षेत्रगत सेवा कर्जा (प्रतिशतमा) |
|---|---|---|
| यातायात, भण्डारण र संचार | ६८०१.५ | ६.१० |
| थोक तथा खुद्रा विक्रेता | ६२९३६ | ५६.४६ |
| वित्त, बीमा तथा अचल सम्पत्ति | १७१९३ | १५.४२ |
| पर्यटन | २०४४६ | १८.३४ |
| अन्य सेवा | ४०९१.६ | ३.६७ |
| कुल सेवा कर्जा | १११४६८ | १००.०० |

*स्रोत: नेपाल राष्ट्र बैंक।*

## ५.७ सहुलियतपूर्ण कर्जा

सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५(तेस्रो संशोधन सहित), बमोजिम २०७८ पुष मसान्तसम्ममा गण्डकी प्रदेशमा कुल रु. २७ अर्ब ५९ करोड यस्तो कर्जा प्रवाह भएको छ । यस प्रदेशमा प्रवाहित कुल कर्जाको ४४.२ प्रतिशत कास्की जिल्लामा प्रवाह भएको छ ।

**तालिका ५.६: सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधी (तेस्रो संशोधन) २०७५ अनुसार गण्डकी प्रदेशमा प्रवाहित कर्जा**

| जिल्ला | सहुलियतपूर्ण कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| गोर्खा | १,०२२ | ३.७ |
| मनाङ | १३ | ०.०५ |
| मुस्ताङ | १९४ | ०.७ |
| म्याग्दी | ८५१ | ३.१ |
| कास्की | १२,१८६ | ४४.२ |
| लमजुङ | १,२१९ | ४.४ |
| तनहुँ | ३,९१९ | १४.२ |
| नवलपरासी (पूर्व) | ४,१७१ | १५.१ |
| स्याङ्जा | १,९७५ | ७.२ |
| पर्वत | ८५३ | ३.१ |
| बाग्लुङ | १,१८७ | ४.३ |
| **जम्मा** | २७,५९१ | १००.० |

*स्रोत : नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।*

## ५.८ पुनरकर्जा

कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावलाई सम्बोधन गरी उद्योग, पेशा, व्यवसायको पुनरुत्थानमा सहयोग पुर्याउन पुनरकर्जाको महत्वपूर्ण भूमिका रहेको छ । गण्डकी प्रदेशमा

आर्थिक वर्ष २०७८/७९ को पुष मसान्तसम्म रु. १४ अर्ब ८५ करोड कर्जा बक्यौता रहेको देखिन्छ। यस प्रदेशमा प्रवाहित कुल कर्जामध्ये कास्की र तनहुँ जिल्लाको हिस्सा ७१.८ प्रतिशत रहेका छ । कास्की जिल्लामा पर्यटन गतिविधि अधिकेन्द्रीत भएकोले पनि पुनरकर्जा यस जिल्लामा बढी गएको देखिएको छ।

**तालिका ५.७: जिल्लागत पुनरकर्जा विवरण**

| जिल्ला | पुनरकर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| गोर्खा | ३४४.५ | २.३ |
| मनाङ | १६.८० | ०.१ |
| मुस्ताङ | १२५.४८ | ०.८ |
| म्याग्दी | २६२.३७ | १.८ |
| कास्की | ८,९३४ | ६०.१ |
| लमजुङ | ५४२ | ३.७ |
| तनहुँ | १,७३२ | ११.७ |
| नवलपरासी (पूर्व) | ६७४ | ४.५ |
| स्याङ्जा | ९८९ | ६.७ |
| पर्वत | ४७५ | ३.२ |
| बाग्लुङ | ७५९ | ५.१ |
| जम्मा | १४,८५४ | १०० |

*स्रोत : नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।*

## ५.९ व्यवसाय जीवन रक्षा कोष कर्जा कार्यक्रम

गण्डकी प्रदेश सरकारले कोभिड-१९ बाट प्रभावित पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रका उद्यम तथा व्यवसायको जीवन रक्षा गर्न निर्व्याजी कर्जा उपलब्ध गराउने उद्देश्यले व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि २०७७ जारी गरेको छ। सो अनुसार नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले यस प्रदेशमा सरकारी कारोवार गर्ने १८ (अठार) वाणिज्य बैंकहरुसँग सम्झौता गरेको छ।

उक्त कर्जाहरुमा बैंकहरुले अघिल्लो त्रयमासमा प्रकाशित आधार दरमा अधिकतम ३ प्रतिशतसम्म प्रिमियम थप गरी व्याजदर कायम गर्नुपर्ने र यस्तो व्याज गण्डकी प्रदेश सरकारले त्रयमासिक रुपमा नेपाल राष्ट्र बैंकमार्फत शोधभर्ना उपलब्ध गराउने व्यवस्था रहेको छ। त्यस्तै, कार्यविधि बमोजिम प्रवाहित कर्जाको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण नेपाल राष्ट्र बैंकले आवश्यकतानुसार गर्ने व्यवस्था रहेको छ।

कार्यविधि बमोजिम बैंकहरुले लक्षित व्यक्ति/समुह/फर्म/कम्पनीलाई शुन्य व्याजदरमा प्रदान गर्ने कर्जाको सीमा र भुक्तानी अवधि देहाय बमोजिम रहेको छ :

**तालिका ५.८ कर्जाको सीमा र भुक्तानी अवधि**

| क्र.सं | कर्जाको शिर्षक र क्षेत्र | न्युनतम कर्जा रकम | अधिकतम कर्जा रकम | अधिकतम अवधि |
|---|---|---|---|---|
| १. | लघु घरेलु तथा साना उद्यम व्यवसाय कर्जा | रु.१ लाख | रु.१५ लाखसम्म | ३ वर्ष |
| २. | साना पर्यटन व्यवसाय कर्जा | रु.१ लाख | रु.१५ लाखसम्म | ३ वर्ष |
| ३. | साना यातायात व्यवसाय कर्जा | रु.५० हजार | रु.१० लाखसम्म | ३ वर्ष |
| ४. | साना सेवा व्यवसाय कर्जा | रु.५० हजार | रु.१० लाखसम्म | ३ वर्ष |

*स्रोत : नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय ।*

२०७८ पुस मसान्तसम्म उक्त कार्यविधि अन्तर्गत रु.१ अर्ब ६२ करोड २६ लाख २३ हजार कर्जा प्रवाह भई रु. १ अर्ब ४६ करोड ३६ लाख ५० हजार बक्यौता रहेको छ (तालिका ५.७)।

**तलिका ५.७ आ.व.२०७८/७९ पुष मसान्तसम्मको क्षेत्रगत कर्जा प्रवाह**


| क्र.सं. | कर्जा शिर्षक | क्षेत्रगत कर्जा प्रवाह रकम (रु.हजारमा) | बक्यौता रकम (रु.हजारमा) | क्षेत्रगत कर्जा प्रवाह बक्यौता (प्रतिशतमा) |
|---|---|---|---|---|
| १. | लघु घरेलु तथा साना उद्यम व्यवसाय कर्जा | ५,९५,९४० | ५,३६,९९२ | ३६.७ |
| २. | साना पर्यटन व्यवसाय कर्जा | ७,३४,८९० | ६,६४,६१३ | ४४.३ |
| ३. | साना यातायात व्यवसाय कर्जा | ७०,१४३ | ६४,२१२ | ४.२ |
| ४. | साना सेवा व्यवसाय कर्जा | २,२१,६५० | १,९७,८३१ | १३.८ |
| जम्मा | | १६,२२,६२३ | १४,६३,६५० | १०० |

*स्रोतः नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय ।*

## ५.१० गण्डकी प्रदेश सरकारको बजेट कार्यान्वयनको अवस्था

गण्डकी प्रदेशको आर्थिक वर्ष २०७८/७९ को कुल बजेट रु. ३० अर्ब ३ करोड रहेको छ यसमध्ये चालुतर्फ रु. १३ अर्ब ६ करोड र पुँजीगततर्फ रु. १६ अर्ब ७३ करोड रहेको छ । २०७८ पुष मसान्तसम्ममा गण्डकी प्रदेश सरकारको चालु खर्च जम्मा १८.६० प्रतिशत (रु. २ अर्ब ४३ करोड) खर्च र पुँजीगत खर्चतर्फ जम्मा १४.१० प्रतिशत (२ अर्ब ३६ करोड) खर्च भएको छ । अघिल्लो वर्षको सोही अवधिको तुलनामा चालु खर्च २४ प्रतिशतले वृद्धि भएको छ भने पुँजीगत खर्च भने २८.५ प्रतिशतले घटेको देखिन्छ ।

**चार्ट ५.२ : गण्डकी प्रदेशको बजेट खर्चको अवस्था**





*स्रोत : अर्थ मन्त्रालय, गण्डकी प्रदेश ।*

Index for chart 5.2 for FY 20787/78 and 2078/79 is missing. Pls insert

आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनाको अवधिमा गण्डकी प्रदेश सरकारको राजस्व परिचालन अघिल्लो वर्षको सोहि अवधिको तुलनामा ३.५ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ७६ करोड पुगेको छ । यसमध्ये कर राजस्व रु ७७ करोड ६१ लाख (४४%) र गैर कर राजस्व रु ६० करोड १३ लाख(३४%) रहेको छ । त्यसैगरी सेवा शूल्क लगायत अन्य सोतबाट रु ३८ करोड ४२ लाख(२२%) राजस्व परिचालन भएको छ ।

**चार्ट ५.३ : आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा राजस्व परिचालन**




*स्रोत : अर्थ मन्त्रालय, गण्डकी प्रदेश ।*

## ५.११ सेवा क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु

### समस्या तथा चुनौतीहरु

- विश्वव्यापी कोराना महामारीले प्रभावित यो प्रदेशको पर्यटन क्षेत्र अझै पूर्ण रुपमा पुनरुत्थान हुन सकेको छैन । आगामी दिनमा पर्यटन क्षेत्रलाई पूर्ण रुपमा पुनरजीवित गराई रोजगारी र आय आर्जन अभिवृद्धि गर्नु चुनौतीपूर्ण छ ।
- सडक सञ्जालको विस्तारसँगै परम्परागत पदमार्गहरु मासिँदै गएका छन् । सडक सञ्जाल विकासको क्रममा पदमार्गहरु संरक्षण गर्नुपर्ने तथा नयाँ पदमार्गहरु खोजी गर्नुपर्ने चुनौती रहेको छ ।
- पर्यटन प्रवर्द्धनको लागि पदमार्गहरुमा सुरक्षा व्यवस्था तथा अत्यावश्यक सञ्चार सुविधा एवम् मौसम पूर्वानुमान सूचना प्रणालीको अभाव रहेको छ । यस्ता अत्यावश्यकीय सुविधाको अभावमा आकस्मिक मौसम प्रतिकुलता र बन्यजन्तुबाट आक्रमण लगायतका जोखिम न्यूनीकरण गर्न चुनौतीपूर्ण छ ।
- पर्यटक आगमनको व्यवस्थित तथ्याङ्क राख्न सकिएको छैन । आधिकारिक तथ्याङ्क प्रदायक निकायहरुबीच समन्वयको अभावका कारण पर्यटन सम्बन्धी तथ्याङ्कमा एकरुपता हुन नसक्दा तथ्यमा आधारित नीति तर्जुमा गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- गण्डकी प्रदेशको पोखराबाहेकका अन्य पर्यटकीय स्थानहरुमा पर्यटकस्तरीय होटल/लजहरु पर्याप्त नहुनु, यातायात सुविधा एवम् भौतिक पूर्वाधारहरु भरपर्दो नहुनु लगायतका समस्याहरु विद्यमान रहेका छन् ।

- यस प्रदेशमा रहेका बचत तथा ऋण सहकारी संस्थाहरु तथा गैर-सरकारी संस्थाहरुको संख्या तथा कारोबारमा विस्तार भएता पनि यस्ता संस्थाहरुको प्रभावकारी नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने निकाय एवम् संयन्त्रको अभावका कारण वित्तीय स्थायित्वमा पर्नसक्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- वित्तीय साक्षरताको कमीका कारण वित्तीय सेवाको माग पक्ष कमजोर रहेको र विद्युतीय कारोवारको दायरा समेत अपेक्षित रुपमा विस्तार हुन नसकेको अवस्थामा वित्तीय साक्षरता एवम् विद्युतीय वित्तीय साक्षरता (Digital Financial Literacy) बढाउनु पर्ने चुनौती रहेको छ ।

**सम्भावनाहरु**

- कोभिड-१९ महामारीको असर न्यून भएसँगै यस प्रदेशमा पर्यटन क्षेत्र सम्बद्ध उद्यम, व्यवसायहरु स्थापनाको उच्च सम्भावना रहेको देखिन्छ ।
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य अन्तिम चरणमा पुगेकाले अब निकट भविष्यमै उक्त विमानस्थल सञ्चालनमा आउने सम्भावना रहेको छ । विमानस्थल संचालनमा आएपश्चात् हवाई सेवामार्फत् यस प्रदेशको सम्बन्ध सोझै अन्तर्राष्ट्रिय जगतसँग जोडिन पुग्ने भएकाले पर्यटन प्रवर्द्धनमा उल्लेखनीय टेवा पुग्ने सम्भावना छ ।
- उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी कोरिडोरको काम द्रुत गतिले अघि बढेकोले निर्माण सम्पन्न भएपश्चात् सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम हुने भएकोले भारतीय र चिनिया पर्यटकहरुको आगमनमा उल्लेख्य वृद्धि हुने सम्भावना रहेको छ ।
- कोभिड–१९ को विश्वव्यापी महामारीका कारण स्थगित भएको Visit Nepal 2020 कार्यक्रम पोखरा र अन्नपूर्ण क्षेत्र केन्द्रीत गरी Visit Nepal 2022 आयोजना गर्न सकिएमा यस क्षेत्रको पयर्टन व्यवसाय प्रवद्धनमा उल्लेख्य सहयोग पुग्ने स्थिति छ ।
- प्रस्तावित गण्डकी विश्व विद्यालयलाई Mining, Bio-diversity र Hydropower को विशिष्टकृत (Specialized) अध्ययन⁄ अध्यापन गराउने विश्वविद्यालयको रुपमा विकास गर्न सकिएमा वाह्य मुलुकहरुबाट समेत विद्यार्थी आकर्षित गर्नुको साथै उक्त क्षेत्रको विकासमा थप सहयोग पुग्ने सम्भावना रहेको छ ।
- स्थानीय तहमा आर्थिक गतिविधि विस्तार भएसँगै ग्रामीण भेगसम्म बैंक तथा वित्तीय संस्थाका शाखा विस्तार हुने क्रममा रहेका छन् । समीक्षा अवधिसम्ममा यस प्रदेशका सबै स्थानीय तहहरुमा वाणिज्य बैंकका शाखा स्थापना भइसकेका छन् । ग्रामीण क्षेत्रहरुमा समेत पर्याप्त रुपमा बैंकिङ्ग सेवा उपलव्ध भएपछि आर्थिक गतिविधि लगायत वित्तीय सेवाको पहुँच थप विस्तार हुने सम्भावना रहेको छ ।
- पर्यटकहरुलाई थप आकर्षित गर्दै बसाई अवधि लम्व्याउन तालहरुमा अत्याधुनिक Water Show/Water Sports, Jet Boating, Water Skiing, Underwater Scooter, Cruise Dinner) आदि जस्ता मनोरञ्जनात्मक गतिविधिहरुका लागि लगानी बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ६

## पूर्वाधार क्षेत्र

### ६.१ परिचय

यस परिच्छेदमा गण्डकी प्रदेश अन्तर्गत पर्ने प्रमुख राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति स्थिति समीक्षा गरिएको छ । पूर्वाधार क्षेत्रमा भएका समस्या, चुनौती तथा सम्भावनाहरुको बारेमा समेत यस परिच्छेदमा समेटिएको छ ।

### ६.२ राष्ट्रिय गौरवका आयोजनाहरु

(क) **पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल :** २०७८ असारसम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको राष्ट्रिय गौरवको यस आयोजना २०७८ पुष महिनासम्ममा करिब ९१ प्रतिशत भौतिक कार्य सम्पन्न भएको छ । आयोजनामा स्वदेशी २३० र विदेशी १८५ गरी कुल ४१५ जनाले रोजगारी प्राप्त गरेका छन् । उक्त विमानस्थल सञ्चालनमा ल्याउन सो विमानस्थल नजिक रहेको थुम्को Landscaping गर्ने कार्य र विमानस्थल परिसरको २ कि.मी भित्र रहेको Landfillsite हटाउने कार्य बाँकी रहेको छ । यसको साथै हाल उक्त विमानस्थलमा टर्मिनल भवन लगायतका अन्य Ancilliary भवनहरुमा Decoration तथा Finishing कार्य सम्पन्न हुने अवस्थामा रहेको र उपकरण Testing गर्ने कार्य भइरहेको छ ।

(ख) **बुढीगण्डकी जलविद्युत् आयोजना** : गोरखा जिल्लामा २५९३ मिलियन अमेरिकी डलर लगानीमा निर्माण हुने बुढीगण्डकी जलविद्युत् आयोजनाको उत्पादन क्षमता वर्षायाममा १२०० मेगावाट र सुख्खायाममा न्यूनतम ९१८ मेगावाट रहेको छ । हाल कुल २६ व्यक्ति रोजगार रहेको उक्त आयोजनामा डुबान क्षेत्रमा पर्ने जग्गाको मुआव्जा वितरण, घर, गोठ लगायत अन्य संरचनाहरु, वोटविरुवा तथा फलफूलहरुको मुआब्जा (क्षतिपूर्ति) निर्धारण भई निवेदन संकलनको कार्य भईरहेको छ । तथापि, आयोजना निर्माणको मोडालिटी निर्धारण गर्ने कार्य अझै बाँकी रहेको छ ।

(ग) **कालीगण्डकी करिडोर :** कुल ४४५ कि.मी.लम्बाई भएको उत्तर-दक्षिण (कालीगण्डकी करिडोर) यस लोकमार्गको समीक्षा अवधिसम्म करिब ६८ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । करिडोरलाई मालढुङ्गा-राम्दी-गैडाकोट खण्ड २४५ कि.मी. र जोमसोम-कोरला खण्ड २०० कि.मी. गरी दुई भागमा विभाजन गरी निर्माण कार्य अघि बढाइएको छ । आर्थिक वर्ष २०७८/७९ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको उक्त आयोजनाको प्रारम्भिक अनुमानित लागत रु.२४.१ अर्ब रहेको छ । यस आयोजनामा लोकमार्गमा पर्ने घर/टहरा, जग्गा जमिनको मुआब्जा सम्बन्धी विवाद र वन कार्यालयबाट रुख कटानीको स्वीकृति प्राप्तिको कार्यमा ढिलाई मुख्य समस्या देखिएको छ । आयोजनाबाट २०७८ पुष मसान्तसम्म १५०० जनाले रोजगारी प्राप्त गरेका छन् ।

(ग) **मध्य पहाडी लोकमार्ग :** यस आयोजना अन्तरगत गण्डकी प्रदेशको गोरखा-लमजुङ खण्डमा पर्ने ११५ कि.मि. सडक निर्माणमध्ये ५६ प्रतिशत कार्य सम्पन्न भएको छ । हाल यस आयोजनामा Structural works, ग्रावेल, Base, Blacktop works आदि कार्य भइरहेको छ । आयोजनामा ४५० व्यक्तिले रोजगारी प्राप्त गरेका छन् ।

उक्त निर्माण कार्यमा रुख कटानीको स्वीकृतीमा ढीलाई र मुआब्जा वितरण तथा जग्गा प्राप्तिमा समस्या देखिएको छ ।

उक्त लोकमार्गको कास्की-पर्वत-बाग्लुङ खण्डमा पर्ने २३९ कि.मि. मध्ये ८५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । हाल उक्त खण्डमा नाली निर्माण, टेवा पर्खाल निर्माण र सडक Painting लगायतको कार्य गरेका छन् ।

**बक्स ३: तनहुँ हाइड्रोपावर लिमिटेड (THL)**

नेपाल विद्युत प्राधिकरण (NEA) को सहायक कम्पनीको रुपमा २०१२ मार्च २५ मा स्थापना गरिएको तनहुँ हाइड्रोपावर लिमिटेड नेपालको दोस्रो जलाशययुक्त जलविद्युत् आयोजना हो । यस आयोजना गण्डकी अञ्चलको तनहुँ जिल्लाको दमौली नजिक सेती नदीमा काठमाडौंबाट १५० किलोमिटर पश्चिममा अवस्थित छ ।

यस आयोजना २०२६ मे मा सम्पन्न गर्ने लक्ष्यका साथ २०१९ जुन १८ बाट निर्माण कार्य शुरु भएको छ । १४० मेगावाट क्षमता रहको यस आयोजनाले उत्पादन थालेको पहिलो १० वर्षसम्म ५८७.७ गिगा वाट आवर GWh प्रति वर्ष उत्पादन गर्ने र एघारौं वर्ष देखि ४८९.९ गिगा वाट आवर GWh प्रति वर्ष उत्पादन गर्ने अनुमान गरिएको छ । यस जलविद्युत गृहका लागि सेती नदीमा १४० मि. अग्लो र १७५ मि. लामो कंकृटको बाँध बाँधी करिव ७.२६ वर्ग कि.मी. को ताल बनाउने योजना रहेको छ । कुल लागत ५०५ मिलियन अमेरिकी डलर रहेको उक्त आयोजनामा JICA बाट १८४ मिलियन अमेरिकी डलर र एसियाली विकास बैंकबाट १५० मिलियन अमेरिकी डलर लगानी भएको छ ।

स्वदेशी र विदेशी गरी कुल १३२ व्यक्ति कार्यारत उक्त आयोजनामा २०७८ पौष मसान्त सम्म २७.९ प्रतिशत भौतिक प्रगति र २४.९ प्रतिशत वित्तीय प्रगति भएको छ ।



### ६.३ जलविद्युत् उर्जाको अवस्था र सम्भावना

गण्डकी प्रदेशमा रहेका अधिकांश साना ठूला नदीनालाहरुको पानीको स्रोत हिमाली जलाधार क्षेत्र रहेको र जलविद्युत् उत्पादनको लागि उपयुक्त भौगोलिक बनावट भएका कारण यस प्रदेशमा प्रशस्त जलविद्युत उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।

यस प्रदेशमा हाल साना ठूला गरी ४६ जलविद्युत् आयोजनाहरुबाट ५९३ मेगावाट जलविद्युत् उत्पादन भैरहेको छ । त्यस्तै, गण्डकी प्रदेशमा हाल ३६ जलविद्युत् आयोजना निर्माणाधिन अवस्थामा रहेका छन् र ती आयोजनाहरुको कुल उत्पादन क्षमता ७३७ मेगावाट रहेको छ । नेपालमा हालसम्म सम्पन्न र राष्ट्रिय प्रसारण लाइनमा जडित जलविद्युत २१०६ मेगावाट मध्ये २८.२ प्रतिशत योगदान गण्डकी प्रदेशको रहेको छ ।

यस प्रदेशमा विद्युत् प्राधिकरणले संचालन गरेको ११ विद्युत् परियोजनाको कुल जडित क्षमाता ३०३ मेगावाट रहेको छ । यसमध्ये स्याङजामा कालीगण्डकी ए परियोजनाको १४४ मेगावाट, लमजुङमा मर्स्याङदी र मध्य मर्स्याङदी गरी १३९ मेगावाट र पर्वत जिल्लामा १४.८ मेगावाटको मोदी जलविद्युत् परियोजना प्रमुख रहेको छ ।

यस वाहेक गोरखा जिल्लामा १२०० मेगावाट क्षमताको जलाशययुक्त बुढीगण्डकी जलविद्युत् आयोजना निर्माणको लागि मुआब्जा वितरणको कार्य अघि बढेको छ । त्यसैगरी, सरकारी-निजी साझेदारी मार्फत हाल सञ्चालनमा रहेका ३५ परियोजनाहरुको कुल जडित क्षमता २९० मेगावाट रहेको छ । अर्कोतर्फ,नीजी साझेदारीमा ७३८ मेगावाट जडित क्षमता रहेको ३६ जलविद्युत् आयोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् । यसको अतिरिक्त ७९० मेगावाट उत्पादन क्षमताका ३० परियोजना दर्ता भई वित्तीय साधन जुटाउने क्रममा रहेका छन् ।

समग्रमा नेपाल विद्युत् प्राधिकरण र गण्डकी प्रदेशका विभिन्न आयोजनाहरुबाट प्राप्त विवरण अनुसार यस प्रदेशमा हाल उत्पादन भइरहेका, निर्माणाधिन अवस्थामा रहेका, दर्ता भई निर्माण गर्ने प्रकृयामा रहेका साना–ठूला जलविद्युत् आयोजना गरी ११३ परियोजनाबाट ३३२० मेगावाट जलविद्युत् उत्पादन गर्न सकिने सम्भावना देखिएको छ ।

गण्डकी प्रदेशका ११ जिल्लाहरुमध्ये जलविद्युत् उत्पादनको बढी सम्भावना भएका जिल्लाहरुमा गोरखा (१३३८), लमजुङ (५४३ मेगावाट), म्याग्दी (४७८ मेगावाट) र कास्की (३२० मेगावाट) रहेका छन् ।

### ६.४ पूर्वाधार क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु

#### समस्या तथा चुनौतीहरु

- सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरुमा विभिन्न सरोकारवाला निकायहरुबीच आपसी समन्वयको अभावमा निर्माण कार्य व्यवस्थित हुन सकेको छैन ।
- पूर्वाधार क्षेत्रका आयोजनाहरु निर्माणको क्रममा घर/जग्गा मुआव्जा सम्बन्धी विवाद शीघ्र समाधान गर्ने विधि र प्रक्रियाको अभावमा आयोजना समयमै सम्पन्न हुन नसक्ने तथा उल्लेख्य रुपमा लागत वृद्धि हुने गरेको छ ।
- विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोभिड–१९ को संक्रमण जोखिम अझै कायम रहेको हुँदा राष्ट्रिय गौरबका आयोजना तथा पूर्वाधारको क्षेत्रमा आवश्यक कामदार, विशेषज्ञहरुको उपलब्धता नहुनुका साथै आवश्यक कच्चा पदार्थ, मेशिन र उपकरणको

सहज आपूर्ति नहुनु, विस्फोटक पद्धार्थ समयमा आउन नसक्नु जस्ता समस्याहरुले निर्माण कार्यमा ढिलाई भएको छ ।

- प्राकृतिक प्रकोपको कारण (बाढी, पहिरो) पूर्वाधार निर्माण कार्य ढिलाई हुनुको साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्च उल्लेख्य रुपमा बढी हुने गरेको छ ।
- सडक निर्माणका क्रममा ठेकेदारहरुले परियोजना (निर्माणको सम्पूर्ण कार्य, मजदुर, निर्माण सामाग्री, निर्माण सम्बन्धी उपकरण) को बीमा गर्ने गरेको भएतापनि निर्माण कार्यमा विभिन्न कारणले भएको क्षतिको दाबी गर्दा बीमा कम्पनीबाट न्यून मात्रामा क्षतिपूर्ति रकम प्राप्त हुने र त्यस्तो रकम समयमा भुक्तानी नहुने समस्या रहेको छ ।

**सम्भावनाहरु**

- गण्डकी प्रदेश अन्तर्गत सञ्चालन भएका र हुनसक्ने आयोजनाहरुको विस्तृत अध्ययन गर्न गण्डकी प्रदेश नीति तथा योजना कार्यालयलाई परियोजना बैंकको रुपमा स्थापना गरी पुर्वाधार निर्माण कार्यलाई व्यवस्थित तथा प्राथमिकीकरण गर्न सकिने सम्भावना रहेको छ ।
- गण्डकी प्रदेशमा हाल साना ठूला गरी ३६ जलविद्युत परियोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् भने १२०० मेगावाटको बुढीगण्डकी जलविद्युत आयोजना लगायत अन्य थुप्रै आयोजनाहरु निर्माणको प्रक्रियामा रहेकाले यस प्रदेशमा जलविद्युत उत्पादनको उच्च सम्भावना रहेको छ ।
- बाग्लुङ जिल्लाको ढोरपाटन क्षेत्रमा अवस्थित ८२८ मेगावाट क्षमता भएको सम्भावित उत्तर गंगा जलाशययुक्त जलविद्युत् आयोजना गण्डकी प्रदेश सरकार र संघीय सरकारको सह–लगानीमा निर्माण गर्न सकिने सम्भावना रहेको छ ।
- कालीगण्डकी नदीको आधा पानी यथावत कायम गरी नदीको सौन्दर्यता कायम गर्ने र आधा पानी नवलपुर पूर्वमा पुऱ्याई जलविद्युत् र सिंचाई दुवैमा टेवा पुग्ने बहूद्देश्यीय जलविद्युत आयोजना विकास गर्न सकिने सम्भावना रहेको छ ।
- गण्डकी प्रदेशबाट तिब्बततर्फको नाका जोड्ने वैकल्पिक मार्गको रुपमा गोर्खा बजार देखि लार्के भञ्ज्याङ हुँदै तिब्बत जोड्ने सडकमार्ग निर्माण गर्न सकिने सम्भावना रहेको छ ।
- मुस्ताङ जिल्लामा सौर्य तथा वायु उर्जाको प्रचुर सम्भावना भएकाल सोको विस्तृत अध्ययन गरी सौर्य तथा वायु उर्जा उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।
- पृथ्वी राजमार्गको मुग्लिङ्ग-पोखरा खण्डलाई ४ लेनमा स्तरोन्नति गर्न एशियाली विकास बैंकसँग ऋण सम्झौता भई निर्माण कार्य प्रारम्भ भइसकेको सन्दर्भमा उक्त कार्य सम्पन्न भएपछि यस क्षेत्रको समग्र विकासमा थप सहयोग पुग्ने देखिन्छ ।

# परिच्छेद ७

## आर्थिक परिदृश्य

### ७.१ परिचय

सन् २०२१ को तुलनामा सन् २०२२ मा विश्व अर्थतन्त्रको विस्तार केही न्यून हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ । पेट्रोलियम पदार्थको मूल्य वृद्धि, रुस-युक्रेन युद्ध, कोभिड महामारीपश्चात् आन्तरिक मागमा भएको विस्तार र स्थानीय तह निर्वाचनको समयमा भएको आर्थिक गतिविधिले मूल्यमा चाप पर्न थालेको छ ।

नेपालमा कोरोना भाइरस (कोभिड-१९) संक्रमितदर निकै कम हुदै गएको र सो विरुद्धको खोप लगाउने कार्य लगभग सम्पन्न हुने चरणमा पुगेको छ। यसको साथै विगत दुई वर्षदेखि कोरोना महामारीको असर न्यूनीकरण गर्न अवलम्बन गरिएका विभिन्न प्रकारका राहत र सहुलीयत लगायतका आर्थिक पुनरुत्थान कार्यक्रम र नीतिगत सहजीकरणको कारण गण्डकी प्रदेशको कृषि, उद्योग तथा सेवा क्षेत्र लगायत समग्र आर्थिक परिदृश्य सुधारोन्मुख देखिएको छ ।

यस परिच्छेदमा गण्डकी प्रदेशमा कृषि, उद्योग तथा सेवा क्षेत्रबाट तथ्याङ्क प्रदायक व्यक्ति तथा संस्थाहरुसँग गरिएको प्रश्नावली, सर्वेक्षण छलफल तथा अन्तरक्रियाका आधारमा आर्थिक वर्ष २०७८/७९ मा कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रको परिदृष्य प्रस्तुत गरिएको छ ।

### ७.२ कृषि क्षेत्र

- गण्डकी प्रदेशमा मल, सिंचाई तथा उन्नत जातका विउको सहज उपलब्धता, पूर्वाधारको विकास र वर्षा पनि समयमा भएकाले धान उत्पादन करिब १.८ प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेको छ ।
- त्यसैगरी, मल तथा उन्नत जातको बीउको प्रयोग बढ्दै गएको र सिञ्चित क्षेत्रफल बढेको कारण मकै र कोदोको उत्पादन क्रमश : १.७ प्रतिशत र ४.७ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।  तर गहुँको उत्पादन भने ०.६ प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेको छ ।
- बढ्दो बेमौसमी तरकारी खेती, प्लाष्टिक घरको विस्तार, मल, सिंचाइ तथा उन्नत जातका विउको सहज उपलब्धता साथै गैरसरकारी संस्थाहरुद्वारा समेत कृषकहरुलाई तालिम, सचेतना र प्रोत्साहन गर्दै आएको कारण तरकारीको उत्पादन १.९ प्रतिशत वृद्धि हुने प्रक्षेपण छ ।
- फलफूल खेतीतर्फ बगैंचा सुदृढीकरण र क्षेत्रफल विस्तार भएको, मनाङ र मुस्ताङ्ग जिल्लामा स्याउका लागि अनुकूल मौसम रहेको, कृषि तथा पशुपन्छी कर्जामा व्याज अनुदान आदिका कारण फलफूल उत्पादनमा २.७ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
- अध्ययन क्षेत्र अन्तर्गतका जिल्लाका भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयहरुबाट प्राप्त तथ्याङ्क तथा प्रारम्भिक अनुमान अनुसार दूधको उत्पादनमा १.८ प्रतिशत, मासुको

उत्पादन १.५ प्रतिशत, अण्डाको उत्पादन ३.२ प्रतिशत र माछाको उत्पादन २.५ प्रतिशतको हाराहारीमा वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

- जिल्ला वन कार्यालयहरुबाट प्राप्त तथ्याङ्क तथा प्रारम्भिक अनुमान अनुसार आर्थिक वर्ष २०७८/७९ मा काठको उत्पादनमा १५.४ प्रतिशतले ह्रास आउने, दाउराको उत्पादनमा कुनै परिवर्तन नहुने प्रक्षेपण गरिएको छ भने जडिबुटीको उत्पादन २८.० प्रतिशतले घट्ने प्रक्षेपण रहेको छ । प्राकृतिक विपत्ति (बाढी, पहिरो लगायत) ले गर्दा वनको ग्रोइङ स्टकमा ह्रास हुने र औषधिजन्य बस्तुको बजार मागमा कमी हुने लगायतका कारणले गर्दा वनजन्य उत्पादनमा कमी हुने देखिएको हो ।

## ७.३ उद्योग क्षेत्र

कोरोना महामारीको प्रकोप क्रमशः समाधान हुँदै गण्डकी प्रदेशमा उद्योगहरुको क्षमता उपयोग गत वर्षको तुलनामा बढ्दै गएको, राज्यले युवालाई उद्यमशील बन्न प्रोत्साहित गरेको कारण आर्थिक वर्ष २०७८/७९ मा औद्योगिक उत्पादनको परिदृश्य सकरात्मक देखिएको छ ।

- गण्डकी प्रदेशमा उत्पादन हुने चाउचाउ र विस्कुटको बजार प्रतिश्पर्धा बढ्दै गएको, पछिल्लो समय एकातर्फ त्यस्ता तयारी वस्तुको आयात उल्लेख्य बढेको र अर्कोतर्फ आयातित कच्चा पदार्थको मूल्यमा समेत चाप पर्दै गएकोले उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमता कम हुदै गएको छ । सो अनुसार चालु आर्थिक वर्ष गण्डकी प्रदेशमा चाउचाउ र विस्कुट उत्पादनमा ६.४ प्रतिशतले ह्रास आउने प्रक्षेपण गरिएको छ ।

- दूध र चुरोटको उत्पादन यथास्थितिमा रहने र तेलको उत्पादनमा ७ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ ।

- यस क्षेत्रमा रहेका सिमेन्ट उद्योगको उत्पादनको बजार माग विस्तार भएको र अरनिको आँबुखैरेनी सिमेन्ट उद्योग नियमित रुपमा सञ्चालन हुने देखिएकाले सिमेन्ट उत्पादनमा १४५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

- यस क्षेत्रमा रहेको टाइम फर्मास्युटिकल्स प्राइभेट लिमिटेडले उत्पादन गर्ने औषधिको माग बजारमा बढ्दै गएकोले औषधिको उत्पादन ६.१ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ ।

- पेय समूह अन्तर्गत यस क्षेत्रमा रहेको वियरको उत्पादन ५.५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेको छ ।

## ७.४ सेवा क्षेत्र

कोरोना भाइरस (कोभिड-१९) संक्रमण क्रमशः सामान्यहुँदै गएको, कोरोना विरुद्धको खोप आवश्यकता अनुसार उपलब्ध भइरहेको, कोरोनाले उच्च प्रभावित यातायात, होटल र अन्य पर्यटन क्षेत्र समेत पुनरुत्थान हुन थालेको, सरकारले कर्मचारीलाई हप्ताको २ दिन विदा दिने प्रवन्ध गरेको र सरकारी कर्मचारीहरुलाई भत्ता सहितको अनिवार्य भ्रमण विदाको व्यवस्थाले सेवा क्षेत्रको परिदृश्य सन्तोषजनक देखिएको छ ।

- चालू आर्थिक वर्षमा गण्डकी प्रदेशमा सडक विस्तार कार्यलाई सम्बधित निकायहरुले प्राथमिकता राखेका कारण सडक विस्तारमा करिव १.५४ प्रतिशत वृद्धि हुने प्रक्षेपण छ ।
- यसैगरी आयातमा गरिएको कडाइका कारण यस वर्ष सडक यातायातका साधनहरुको संख्यामा २.७ प्रतिशत मात्र वृद्धि हुने प्रक्षेपण छ ।

## ७.५ पूर्वाधार क्षेत्र

चालू आर्थिक वर्षको पछिल्लो समय स्थानीय चुनावको तयारीले पूर्वाधार निर्माण कार्य प्राथमिकतामा पर्न नसकेको, चुनाव पश्चात् वर्षायाम शुरु हुन लागेको, पूर्वाधार निर्माणको कच्चा पदार्थको आयात पर्याप्त देखिएतापनि  दक्ष मजदुरहरुको सहज उपस्थिति हुन नसकेको र पूर्वाधार निर्माणमा वातावरणजन्य असहजता र मुआब्जा वितरणमा अझै समस्या रहेकोले पूर्वाधार सम्पन्न हुने समय र लागत बढ्ने अनुमान छ ।